जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)

Greater Nepal Weekly साप्ताहिक

वर्ष ६ अंक १०, २०७४ साल असार २ गते शुक्रबार, नेपाल संवत् ११३७ (June 16, 2017) Website : www.greaternepal.com.np मूल्य रु. १०।-

## दुई नम्बरको निर्वाचन पर सऱ्यो

काठमाडौं । सरकार र राजपाबीच हिजो भएको सहमतिअनुसार दुई नम्बर प्रदेशको निर्वाचन आगामी १४ गते नहुने भएको छ । बाँकी १, ५ र ७ मा भने घोषित मितिमै हुने भएको छ । प्रदेश नम्बर दुईको निर्वाचन असोज २ गते मात्र गर्न सरकारले आयोगमा सिफारिस गर्ने भएको छ । चुनाव सरे पनि राजपाले अझै निर्वाचनमा भाग लिने सुनिश्चितता गरेको छैन ।

निर्वाचनको तिथि नजिकिँदै गरेपछि राजपाले मधेसमा आन्दोलन चर्काउन थालेको **बाँकी ८ पेजमा**

## रामदेव गोर्खाल्यान्डको पक्षमा

काठमाडौं । बहुचर्चित भारतीय योगगुरु स्वामी रामदेव गोर्खाल्यान्डको पक्षमा उभिएका छन् । पश्चिम बंगाल सरकारले दार्जिलिङका माध्यमिक विद्यालयहरुमा बंगाली भाषालाई अनिवार्य गरेपछि त्यसको विरोधमा दार्जिलिङ आन्दोलित छ । नेपाली भाषा र संस्कृतिमाथि अतिक्रमण गरिएको भन्दै दार्जिलिङका नेपाली भाषीहरु एकसाता अघिदेखि सडकमा निस्किरहेका छन् । भाषाको विवादबाट उठेको आन्दोलनले फेरि गोर्खाल्यान्डको मागलाई पक्रिएको छ । पश्चिम बंगाल सरकार आन्दोलनमाथि **बाँकी ८ पेजमा**

# गोर्खाल्यान्डका लागि अब वारपारको लडाइँ

नेपाली भाषी भारतीयहरुको पहाडी भूमि दार्जिलिङ अहिले आन्दोलित छ । दार्जिलिङमा रहेका झन्डै दश लाख नेपाली भाषीहरुको पहिचान नै नामेट पार्ने पश्चिम बंगाल सरकारको हर्कतले नेपाली भाषी भारतीयहरुलाई जबर्जस्त सडकमा उतारेको छ । तृणमूल कांग्रेस अध्यक्ष एवं पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जी नेतृत्वको राज्य सरकारले दार्जिलिङलगायत गोर्खाल्यान्ड क्षेत्रमा कक्षा १ देखि ८ सम्म बंगाली भाषालाई अनिवार्य बनाएपछि नेपाली भाषाको अपमान गरेको ठहरसहित नेपाली भाषीहरुका लागि आन्दोलन बाध्यात्मक बनेको हो । झन्डै सय वर्षअघिदेखि प्रचलित नेपाली भाषालाई विस्थापित गरेर बंगाली भाषा थोपर्ने राज्य सरकारको षड्यन्त्रले दार्जिलिङबासीलाई चिन्तित बनाएको छ । नेपाली जाति र नेपाली भाषाको अस्तित्वलाई नै राज्य सरकारले खारेज गर्ने जुन दुस्साहस गरेको छ त्यसले विगत एक दशकअघिदेखिको दार्जिलिङको गान्धीवादी आन्दोलन हिंसामा भड्किने सम्भावना बढ्दैछ ।

दार्जिलिङको इतिहासमा सिक्किमको भूभाग रहेको पाइन्छ । लेप्चा र भुटियाहरुको बसोबास रहेको दार्जिलिङलाई गोर्खा राज्य विस्तारको क्रममा गोर्खाली सेनाले सन् १७९० ताका अधिनस्थ गर्दै टिस्टा नदीलाई सिमाना कायम गरे । एंग्लो गोर्खा युद्ध सकिएपछि सन् १८१५ को सुगौली सन्धिबाट नेपालले करिब एकतिहाई भूभाग गुमाउनुपऱ्यो । त्यस क्रममा मेची र टिस्टाबीचको दार्जिलिङसहित पूरै भूभाग अंग्रेजको अधिनमा गयो । सन् १८१७ मा ब्रिटिसहरुले उक्त भूमि सिक्किमलाई हस्तान्तरण गरिदिए । यस सन्धिलाई तितलिया सन्धिको रुपमा चिनिन्छ ।

सन् १९४७ मा भारत अंग्रेज शासनबाट मुक्त भएपछि दार्जिलिङ पश्चिम बंगाल प्रदेशअन्तर्गत शासित भयो ।




दार्जिलिङ, कर्साङ, कालिम्पोङ पहाडी भूभाग र सिलिगुढीको तराई भूभागलाई समेटेर एउटा छुट्टै जिल्लाको नाम दियो । जनसंख्याको विविधताका कारण सन् १९८० ताका गोर्खाल्यान्डको माग जबर्जस्त रुपमा उठ्यो । गोर्खा नेसनल लिबरेसन फ्रन्टले चालीस दिन दार्जिलिङ बन्द गराएर दुनियाँको ध्यान केन्द्रित गऱ्यो । आन्दोलनका क्रममा सयौं नेपाली भाषीहरु मारिए । सुवास घिसिङको नेतृत्वमा गोर्खा हिल काउन्सिल गठन गरेर दार्जिलिङलाई सीमित स्वायत्तता दिन भारत सरकार बाध्य भयो । तर भारत सरकारले गोर्खाल्यान्ड प्रदेश दिन भने कहिल्यै चाहेन जुन मुद्दा अहिले पनि जीवित नै छ ।

गत साता गोर्खा जनमुक्ति मोर्चाले दार्जिलिङमा बसेको राज्य सरकारको क्याबिनेट बैठक रोक्न खोजेपछि स्थिति तनावग्रस्त बनेको छ । गोर्खा जनमुक्ति मोर्चालाई लक्षित गरेर पश्चिम बंगाल सरकार प्रहरी दमनमा उत्रिएको छ । पश्चिम बंगाल राज्य सरकारले पश्चिम बंगालका सबै हाईस्कुलहरुमा बंगाली भाषा पठनपाठन गराउने निर्णय गरेसँगै गोर्खाल्यान्डको माग गर्ने सबै समुदायले गरेको तीव्र विरोध नै दार्जिलिङ आन्दोलनको मुख्य कारण हो । जब मुख्यमन्त्री ममता बेनर्जीले मोर्चाको यो आन्दोलन कालीदासले आफैं बसेको रुखको हाँगा काट्नु जस्तै हो भनेर टिप्पणी गरिन् त्यसले दार्जिलिङबासीलाई झनै आक्रोशित बनाएको छ ।

दार्जिलिङको आधिकारिक भाषा नेपाली हो । भारतीय संविधानको आठौं अनुसूचीमा नेपाली भाषा प्रादेशिक भाषा हुनेछ भनेर सन् १९९२ कै संशोधनमा उल्लेख गरिएको छ । भारतको केन्द्र सरकारले चासोपूर्वक हेरिरहेको गोर्खाल्यान्डको आन्दोलनमा बंगाली भाषालाई अनिवार्य पठनपाठनमा राखेर राज्य सरकारले आगोमा घिउ थप्ने काम गरेको छ । दशकौंदेखि छुट्टै गोर्खाल्यान्ड राज्य खोजिरहेका त्यहाँका बासिन्दा नेपाली भाषा र संस्कृति बचाउन आन्दोलित हुनु स्वाभाविक हो । गोर्खा शब्द नेपालसँग जोडिएकाले गोर्खाल्यान्ड दिन केन्द्र सरकार डराइरहेको छ ।

गोर्खाल्यान्ड विखण्डनकारीले राखेको माग होइन । भारतभित्रै अन्य राज्यहरु जस्तै एउटा प्रदेश बनाउने आन्दोलन हो । भाषा, संस्कृति मिल्ने भएकाले आम नेपालीहरुले आन्दोलनप्रति सहानुभूति राख्नु अस्वाभाविक होइन । **बाँकी ८ पेजमा**

## सत्ता आयु लम्ब्याउने देउवा रणनीति

काठमाडौं । असार १४ गते गर्ने तयारी भइरहेको स्थानीय तहको दोस्रो चरणको निर्वाचनलाई फेरि पछाडि धकेल्ने खेलमा प्रधानमन्त्री शेरबहादुर देउवा लागेपछि निर्वाचनप्रति सर्वत्र संशय उत्पन्न भएको छ । देउवाको विगत छविले पनि प्रस्ट पार्छ उनी सत्ता आयु लम्ब्याउनका लागि जे पनि गर्न तयार हुन्छन् । तत्कालीन राजा ज्ञानेन्द्रले अक्षम भन्दै प्रधानमन्त्रीबाट देउवालाई गलहत्याएका थिए । ज्ञानेन्द्रले देउवालाई पुनः प्रधानमन्त्री बनाए । त्यसबेला उनले लोकतन्त्रलाई नै चाँदीको किस्तीमा राखेर नारायणहिटीमा बुझाइदिएका थिए । कांग्रेसीहरु नै भन्ने गर्छन्- मौसम माया र देउवा दाइको भरोसा हुन्न ।

हिजो राजपा र सरकारबीच भएको सहमतिअनुसार निर्वाचन स्थगित



गरिएको र मिति पछि तोक्ने भनिएको छ । तर निर्वाचन आयोगले भने निर्वाचन स्थगित गरिएको सूचना दिएको छैन । मधेस केन्द्रित ६ वटा दलहरु एकीकृत भएर बनेको राष्ट्रिय जनता पार्टीलाई चुनावमा सहभागी गराउनका लागि चुनाव मिति पटक पटक सार्ने काम सरकारले गरिरहेको छ । चुनाव मिति फेरि सारे पनि राजपा चुनावमा आउने कुनै ग्यारेन्टी छैन । राजपाले बटमलाइन बनाएको संविधान संशोधन र स्थानीय तह वृद्धिलाई सरकारले तत्काल सम्बोधन गर्न सक्दैन । संविधान संशोधन गर्न सरकारसँग दुईतिहाई मत छैन । स्थानीय तह बढाउन सर्वोच्च अदालतले रोकेको छ । जुन मागहरु तत्काल पूरा हुन सक्दैनन् राजपा नेताहरुले तिनै मागहरु पूरा हुनैपर्छ भनिरहेका छन् । संविधान संशोधनसँग स्थानीय चुनावको कुनै सम्बन्ध छैन । संशोधन र निर्वाचन फरक विषय हुन् । निर्वाचन पछि पनि संविधान संशोधन हुन सक्छ तर बारम्बार निर्वाचन मिति सारिरहने हो भने जटिल समस्या उत्पन्न हुन्छ ।

संविधानले व्यवस्था गरेअनुसार आगामी माघ **बाँकी ८ पेजमा**

## बेरोजगार ठग्नेहरु सक्रिय

काठमाडौं । राष्ट्रिय दैनिक पत्रिकाहरुमा विज्ञापन प्रकाशित गरी बेरोजगार युवाहरुलाई ठग्ने गिरोह सक्रिय भएर लागिरहेका छन् । यस साप्ताहिकले विगतमा पनि यस खाले ठगीबारे समाचार प्रकाशित गरी सचेत गराउने काम गरेको थियो । विज्ञापन प्रकाशित गर्ने पत्रिकाहरुको पनि उत्तिकै जिम्मेवारी भए पनि त्यस्तो जिम्मेवारी बोध नगरी वर्गीकृत विज्ञापनअन्तर्गत रोजगारी खुलाइएका थुप्रै विज्ञापन प्रकाशित गरिदिनाले ठगहरुलाई मार्केटिङ गर्न सजिलो भएको छ । एउटा दुईटा कोठा कार्यालयको रुपमा भाडामा लिएर दुई सय जनासम्म कर्मचारी चाहिएको विज्ञापन प्रकाशित गरी ठगी गर्नेहरुका विरुद्ध खासै उजुरी भने पर्ने गरेको पाइँदैन ।

मोरङ, उर्लाबारी ७ घर भएका महेन्द्र थापा चावहिलमा कार्यालय रहेको एउटा कम्पनीले मासिक ४५ हजारसम्म तलब दिने विज्ञापन प्रकाशित गरेपछि रोजगारीको निवेदन दिन गएका थिए । उनीसँग निवेदन दस्तुरबापत रु. ५०० मागियो भने एक महिना काम सिक्न ७ हजार धरौटी राख्न भनियो । एक महिना काम सिकेपछि ४६ हजार तलब पाउने आशाले काम सिक्न थालेका थापालाई मसिना दानाहरुको माला उन्ने काम सिक्न लगाइयो । तीन चार दिन सिकेपछि मात्र उनलाई अरु साथीहरुले तलब नदिने पीस रेटमा काम दिने कुरा बताए । अनि उनले आफू ठगिएको महसुस गरी बुझाएको ७ हजार पाँच सय फिर्ता माग्दा उल्टै धम्की दिएर हटाइयो ।

७५ जना कर्मचारी ४६ हजार मासिक तलब दिने भनेर माग गर्ने एउटा कम्पनीले मासिक ३४ लाख ५० हजार तलब दिनुपर्ने हुन्छ । दुईटा कोठा भाडामा लिएर यत्रो ठूलो रकम मासिक तलब दिने भन्दै **बाँकी ८ पेजमा**

## देउवा भारत भ्रमणको तयारीमा

काठमाडौं । नेपालमा जुनसुकै प्रधानमन्त्री बने पनि पहिलो विदेश भ्रमण भारतबाटै गर्ने परम्परालाई प्रधानमन्त्री शेरबहादुर देउवाले पनि निरन्तरता दिने भएका छन् । भ्रमणका लागि परराष्ट्र मन्त्रालयसमेत आन्तरिक तयारीमा लागिसकेको छ । प्रधानमन्त्री निर्वाचित भएलगत्तै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले देउवालाई 'अनौपचारिक रूपमा भारत भ्रमणको निम्तो' दिएका थिए ।

भारतले पनि प्रधानमन्त्री देउवाको भ्रमण विषयमा आन्तरिक तयारी थालेको छ । भारतीय राजदूत मन्जिभसिंह पुरीले भ्रमणलाई लिएर उपप्रधान एवं परराष्ट्रमन्त्री कृष्णबहादुर महरासँग भेटघाटसमेत गरेका छन् । राजदूत पुरीले उपप्रधानमन्त्री महरालाई भारतीय विदेशमन्त्री सुष्मा स्वराजको भारत भ्रमण निमन्त्रणाबारे स्मरण गराएको परराष्ट्रमन्त्रीको निजी सचिवालयले **बाँकी ८ पेजमा**

## विद्यालय भवन हस्तान्तरण





२०७२ सालको विनाशकारी भूकम्पको कारण क्षतिग्रस्त भएको भूमीदेवी उमावी तलाखु नुवाकोटको भुइतला जिर्णोद्धार गरी एक समारोहको वीच गत मंगलवार जेठ ३० गतेका दिन विद्यालय ब्यवस्थापनलाई हस्तान्तरण गरियो । वालविकाश समाज तथा नेपाल जर्मन एकेडेमिक एसोसिएसन (नेगास) को सहयोगमा उक्त जिर्णोद्धार कार्य सम्पन्न भएको थियो । हस्तान्तरण गर्ने कार्य संयुक्त रुपमा नेगासका निवर्तमान अध्यक्ष डा. रोशाना श्रेष्ठ वर्तमान अध्यक्ष तथा वाल विकाश समाजका कोषाध्यक्ष सुरेन्द्र ढकालले संयुक्त रुपमा गर्नु भएको थियो । हस्तान्तरण कार्यक्रमलाई सम्वोधन गर्दै ढकालले विद्यालयले गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्ने कार्यमा प्रगति गर्दै गएमा भविष्यमा पनि सहयोग हुदै जाने बताउनु भएको थियो । वालविकाश समाजका आजीवन सदस्य तथा समाजसेवी कृष्णराज दुलालले भूकम्पको **बाँकी ८ पेजमा**

समय-सन्दर्भ |

## तराईमा शिखण्डीहरूको वितण्डा

**राजेन्द्र शर्मा**

महाभारत कथाको एउटा पात्रको नाम हो शिखण्डी । पाञ्चाल राज्यका सम्राट द्रुपद हस्तिनापुरका परम्परागत दुश्मन थिए । हस्तिनापुर राज्यका संरक्षक भिष्म पितामहद्वारा आफ्नो भाइको विवाहको निम्ति अपहरित गरिएकी काशीराजकी जेठी छोरी अम्बाको दोस्रो जन्म द्रुपदको पूजामा निर्मित अग्निकुण्डबाट भएको थियो । अग्निको अंशबाट धृष्टधुम्न एवं राक्षसको अंशबाट शिखण्डीको जन्म भएको थियो । राजा द्रपदका छोरा शिखण्डीको उद्देश्य नै भिष्म पितामहको हत्या थियो । महाभारत युद्धमा शिखण्डी अर्जुनको साथमा थिए र उनी भिष्मको मृत्युको कारक बनेका थिए । अहिले भारतीय दुताबासले ६ वटा मधेस केन्द्रित दलहरुलाई एकीकृत गराएर बनाइदिएको राष्ट्रिय जनता पार्टी नेपाल शिखण्डीको भूमिका निर्वाह गरिरहेको छ । नेपालको संविधान जारी गर्दा नसमेटिएका भारतीय



स्वार्थहरु हिन्दी भाषा, आप्रबासी भारतीयहरुको संवैधानिक सुनिश्चितता, तराई मधेसमा दुई प्रदेश, जनसंख्याअनुसार राष्ट्रिय सभामा प्रतिनिधित्व, भारतीय बुहारीलाई वैवाहिक वंशजको नागरिकता जस्ता विषयलाई पुनः संविधानमा अटाउन राजपालाई शिखण्डीको रुपमा उतारिएको छ । यिनै विषय फत्ते गर्न भारतले नेपालमा किस्ताबन्दीमा सरकार परिवर्तन गराइरहेको छ । प्रचण्डपछि देउवाको सत्तारोहण त्यसैको श्रृंखला हो । भारतको भूमिका नेपालमा अर्जुनको जस्तो होइन, सकुनीको जस्तो छ । अहिले राजपा मात्र होइन देउवा र प्रचण्ड पनि शिखण्डीका रुपमा उभ्याइएका छन् र यिनीहरु सकुनीका साथमा छन् ।

आप्रवासी भारतीयहरुलाई स्थापित गरिदिने फिजीकरण स्टाइल, नेपालले विदेशीसँग डिल गर्ने भुटानीकरण स्टाइल र उसले भनेको नमान्दा आर्थिक रुपले टाटपल्टाउँदै सडक कब्जा गर्ने रणनीतिक चाल 'हाइवे' स्टाइलले तराई, मधेस विद्रोहमार्फत जाफ्नाकरणतिर लाने रोडम्याप भारतले तयार गरिरहेको छ । नेपाली पानी सित्तैमा लैजाने रणनीतिअनुसार बंगलादेशका नदी ब्रह्मपुत्र र गंगासँग नेपाली नदी जोड्ने योजना (नदी जडान) अनुसार नेपालमा भारतीय **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail.com, www.greaternepal.com.np
*Visit : www.youtube.com Surendra Dhakal Social Activist*

# प्रम देउवाले मसंग माफी मागेको त्यो क्षण



**सुरेन्द्र ढकाल**
**(अध्यक्ष देपसा मोर्चा)**

कुरा २०५७ साल साउन महिनाको हो । म त्यतिखेर वाल विकास समाजको कार्यकारी सदस्य थिएँ । त्यसताका बाल विकास समाजका अध्यक्ष शरद शर्मा थिए । साउन महिनाको पहिलो हप्तातिर एक दिन शरदजीले मलाई फोन गरी सरकारलाई सहयोग गर्ने परिस्थिति आयो सुरेन्द्रजी गर्न सक्नु हुन्छ भनेर सोधे । मैले कस्तो सहयोग भनेर सोधें । नेपालले बाल अधिकार महासन्धिमा हस्ताक्षर गरेपश्चात् सन् २००० भित्र संयुक्त राष्ट्रसंघलाई दोस्रो आवधिक प्रतिवेदन बुझाउनुपर्दछ त्यसको प्रतिवेदन विज्ञको रुपमा तपाईंले लेखिदिनु पर्‍यो भने । अनि किन र ? अरु विज्ञ छैनन र ? भनेर सोध्दा सरकारले त्यस प्रतिवेदन लेखाउनको लागि भनेर बजेट छुट्याउन भुलेछ । तपाईंले स्वयंसेवी विज्ञको रुपमा प्रतिवेदन तयार गरिदिनु पर्‍यो भने ।

राज्यलाई अप्ठेरो परेको बेलामा सहयोग गर्न पाउनु सौभाग्यकै कुरा हो भनेर मैले निशुल्क प्रतिवेदन लेखिदिन स्वीकृति जनाएँ । त्यसपछि लगत्तै शरदजीकै पहलमा बालबालिका मन्त्रालयका सचिव उर्मिला श्रेष्ठ, शरदजी, म अनि महाशाखाका उपसचिव रघुवीर राणा गरी ४ जना सचिव कक्षमा भेला भयौं र प्रतिवेदन लेख्ने बारेमा प्रारम्भिक छलफल गर्‍यौं । सो अनुरुप मन्त्रालयले पारिश्रमिक बारेमा केही उल्लेख नगरी पछि निर्णय गर्न सक्ने गरी मलाई विज्ञको रुपमा नियुक्ति गर्ने सहमती बन्यो ।

लेख्ने काम गर्नको लागि मन्त्रालयको माथिल्लो तलामा एक कोठा, एक टेवल र एक कम्प्युटर मलाई उपलब्ध गराइयो । सो अनुरुप काम गर्ने भनी मिति २०५७।४।३० का दिन मलाई विज्ञको रुपमा कार्य गर्ने गरी उपसचिव रघुवीर राणाले हस्ताक्षर गरेको नियुक्ति पत्र पनि थमाइयो । म हरेक दिनको २ बजे देखि ५ बजेसम्म मन्त्रालयमा बसी प्रतिवेदन लेख्ने थालें । मैले काम गर्न थालेको एक हप्ता मात्र के बितेको थियो मन्त्रालयमा त विज्ञ बसी प्रतिवदेन लेख्न थालेछ भनी युनिसेफ नेपाल र सेभ द चिल्ड्रेन नर्वेले चासो दिन थाले । उनीहरुको सल्लाह बमोजिम प्रतिवेदनको लागि सूचना संकलन गर्न ७५ मध्येको ६३ जिल्लामा सूचना संकलन कार्यशाला गोष्ठीको आयोजना र खेस्रा प्रतिवेदन तयार भएपछि त्यसलाई एकपटक सरोकारवालाहरुसमक्ष र एक पटक बालबालिकाका प्रतिनिधिहरु राखी पाँचै विकास क्षेत्रमा सार्वजनिक सुनुवाई र अत्यमा सबै मन्त्रालयका सचिवसँग अन्तर्क्रिया गरी प्रतिवेदनलाई अन्तिम रुप दिनुपर्ने जिकिर उहाँहरुले गर्नुभयो । मन्त्रालयले ती सम्पूर्ण कार्य गर्न बजेट नभएको जनाएपछि उक्त दुवै संस्थाले मिलेर वित्तीय स्रोत जुटाउने सहमति बन्यो ।

बालबालिका राज्यमन्त्री कमला पन्तको कक्षमा भएको सो सहमतीअनुरुप ५ दिनभित्रै मैले ७२ लाखको प्रस्ताव तयार गरें अनि त्यसको केही दिनभित्रै सो प्रस्तावअनुरुपको सहमतीमा हस्ताक्षर भयो । म एकजनाको ठाउँमा मैले अरु दुई सहयोगी पाएँ भने मेरो पारिश्रमिक मासिक रु ५० हजार र अरु दुई सहयोगी मध्ये १ को रु २६ हजार र अर्कोको रु १६ हजार तोकियो । त्यसको भुक्तानी युनिसेफले हरेक महिना गर्ने भयो भने अरु खर्चहरु पनि उनीहरु दुई संस्थाले गर्ने गरी वार्षिक कार्य योजना तयार भई काम अघि बढ्यो ।


मासिक २६ हजार खाने सहयोगीमा सचिव उर्मिला श्रेष्ठले आफ्नी सुपुत्री सितु श्रेष्ठ र १६ हजार खानेमा गोरखा जिल्लाका दुःख पाएको युवक भनी राज्यमन्त्री कमला पन्तको सिफारिसमा गुञ्जेश्वर न्यौपाने नियुक्त भए । कार्ययोजनाअनुरुप काम भएको कारण १० महिनामा खेस्रा तयार भयो ।

हामीले प्रतिवेदन लेख्न सुरु गरेको नवौं महिनातिर याने मे २००१ मा संयुक्त राष्ट्रसंघको ५६ औं महासभालाई बालबालिका विषयमा केन्द्रित हुने विशेष महासभा ( UN Special General Assemby on Children – UNGAAS) को रुपमा मनाउने कार्यक्रम बनेअनुरुप नेपालबाट प्रधानमन्त्री शेरबहादुरको नेतृत्वमा २२ जनाको टोलीको नाम न्युयोर्क जानेमा प्रस्तावित भयो । आफू त युनिसेफद्वारा पारिश्रमिक दिई प्रतिवेदन लेख्न खटाइएको मान्छे भएको कारणले होला न्युयोर्क जाने टोलीमा मेरो नाम समावेश हुने कुरा पनि भएन, न मैले त्यस कुरामा कुनै चासो नै देखाएँ । समयभित्रै प्रतिवेदन बुझाइ कामबाट विदा लिनेतर्फ आफ्नो ध्यान केन्द्रित थियो ।

त्यसैबीच पारिवारिक समस्याका कारण रन्थनिएका मेरा मित्र तथा रामेछापका पूर्व सांसद कमल चौलागाईं टुप्लुक्क बालबालिका मन्त्रालयमा मलाई भेट्न आए । उनकी श्रीमती बिमारी भई टिचिङ अस्पतालमा राखेको र पैसा नभएको कारण सहयोग गर्नुपर्‍यो भनेर दुखेसो गरे । मैले पनि उनले मागेबमोजिमको रुकम सहयोगको रुपमा दिएँ । उनले मन्त्रालयमा बसेर के काम गरेको भनेर सोधे । मैले उनलाई सबै बेलिबिस्तार लगाएँ । सबै कुरा सुनेपछि त्यसो भए तपाईं पनि त न्युयोर्क जाने होला प्रधानमन्त्रीसँग हैन त भनेर मलाई सोधे । मैले आफूलाई त्यसबारे कुनै जानकारी नभएको बताएपछि उनले झोक्किँदै कहाँ त्यस्तो हुन्छ र ल हिँड्नोस् म प्रधानमन्त्रीसँग कुरा गर्छु भनी मलाई प्रधानमन्त्री कार्यालयतर्फ लगे । हेरौं न त भनेर म पनि उनीसँग प्रधानमन्त्री कार्यालयतर्फ सोझिएँ । नभन्दै उनले आफू आएको पिएमार्फत प्रधानमन्त्रीलाई जानकारी दिएपछि १० मिनेटभित्रै प्रम देउवाले उनलाई आफ्नो कार्यकक्षमा बोलाए ।

हिँड्नोस् तपाईं पनि म सिधै कुरा राख्छु भनेर उनले मलाई पनि प्रधानमन्त्रीको कार्यकक्षमा लगे । उनले सबै कुरा प्रधानमन्त्रीलाई भनेपछि भर्खरै क्याबिनेटबाट जानेहरुको नाम निर्णय भएको छ, सुरेन्द्रजीको नाम छ कि छैन भनेर हेर्न उनले सचिवलाई अह्राए । भर्खरै उपसचिव रघुवीर राणा आएर फाइल लिएर गएको बताइयो । केही समयपछि फोन गरी सोधने भनेबमोजिम हामी प्रधानमन्त्री कक्षमा नै रह्यौं । ५ मिनेटपछि सचिव आएर न्युयोर्क जाने टोलीमा मेरो नाम नभएको र क्याबिनेटबाट निर्णय भइसकेको हुँदा सच्याउन वा थपघट गर्न नमिल्ने जानकारी प्रधानमन्त्री देउवासमक्ष उनले राखे ।

एक घण्टा अगाडिमात्रै थाहा भएको भए तपाईंको नाम राख्न सकिन्थ्यो भनेर अंग्रेजीमा 'आई एम सरी सुरेन्द्रजी' भन्दै प्रम देउवाले दुखेसो व्यक्त गरे अनि मैले पनि आफू सन् ८५ देखि ९२ सम्म युरोप बसेर पढेको कारण विदेश जान मरिहत्ते गर्नुपर्ने कारण नभएको र देशको प्रधानमन्त्रीले क्षमा याचना गर्नु आफ्नो लागि बरु बढी महत्व भएको जनाउँदै मैले उनलाई त्यसको लागि धन्यवाद दिए । उनले हामी दुवैसँग हात मिलाए र हामी कक्षबाट बाहिरियौं । त्यसपछि देउवा पटक पटक गरी चौथो पटक प्रधानमन्त्री बन्न आइपुगेका छन् अहिले तर मेरो मानसपटलमा उनले मसँग माफी मागेको कुरा अझै पनि ताजै छ ।


महिला तथा समाज कल्याण मन्त्रालय

पत्र संख्या:- ०७-८-०५७/५८
च. नं.:- २४३

श्री ५ को सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
सिंहदरबार

सिंहदरबार, काठमाडौं
फोन : २४१४१६, २४१७६८
२४१६१३, २४१७२८
फ्याक्स : २४१४१६

मिति:- २०५७।४।३०

श्री सुरेन्द्र ढकाल
का.म.न.पा. वडा नं. ३४
बानेश्वर ।

विषय :- नेपालको दोश्रो राष्ट्रिय प्रतिवेदन तयार गरि दिने सम्बन्धमा ।

बाल अधिकार सम्बन्धी महासन्धीको पक्षधर राष्ट्रको नाताले नेपालले सन् २००० भित्रै दोश्रो राष्ट्रिय प्रतिवेदन बुझाउनु पर्ने भएको छ । उक्त प्रतिवेदन बुझाउने कार्यका लागि यस मन्त्रालयका मा. मन्त्रीज्यूको अध्यक्षतामा राष्ट्रियस्तरको समिति गठन भएको छ भने यसै मन्त्रालयका सह सचिवको संयोजकत्वमा प्रतिवेदन मस्यौदा समिति समेत गठन भएको व्यहोरा जानकारी गराउदछु । यी दुवै समितिले दिएको निर्देशन तथा यस मन्त्रालयले उपलब्ध गराएका सूचना तथा तथ्यांकका आधारमा विज्ञको रुपमा नेपालको दोश्रो राष्ट्रिय प्रतिवेदनको मस्यौदा तयार पारी दिनु भई सहयोग गरि दिनु हुन मिति २०५७।४।२६ को निर्णय अनुसार अनुरोध छ ।

प्रस्तुत प्रतिवेदनको मस्यौदा तयार गरेवापत यहाँलाई दिने पारिश्रमिक तथा सुविधाको सम्बन्धमा यस मन्त्रालयले पछि निर्णय गरी तोकिदिए बमोजिम हुने व्यहोरा समेत अनुरोध गर्दछु ।

संलग्न:- प्रतिवेदन मस्यौदा तयार गर्ने सम्बन्धमा तयार पारिएको (TOR )Terms and Reference .

बोधार्थ
श्री प्रशासन शाखा
महिला, बा. तथा स.क.मन्त्रालय

रघुवीर शमशेर राणा
उप-सचिव
उप–सचिव

अबको क्रान्ति : पर्यावरणीय

**सुदर्शन प्रधान**

# क्यानडाका आदिवासी र धरतीको पीडा

नोभेम्बर १८, २०१३ बिहान ५ र राति ८ बजेतिर डिस्कभरि च्यानलले क्यानडाको उत्तरी भूभागका आदिवासीहरूले कुकुरको सहयोगले यात्रा गरेका दृश्यहरू देखायो, जहाँ हिउँले भरिएको समुद्री धरातलमाथि सेताम्मे देखिन्थ्यो । ती सभ्य र शिक्षितजस्तो देखिने आदिवासीहरू स्लिपिङ ब्याग, भुवादार र सफा ज्याकेट, पन्जा तथा जुत्ता लगाएका थिए । उनीहरूले हलुका क्यानोइङ पनि प्रयोग गरे । समुन्द्रमाथिको हिउँको मैदानमा कुकुरका झुन्डहरूले डोरीको सहयोगमा ती सिकारी आदिवासीका मालसामानहरू लादिएका वस्तु तानेर एक ठाउँबाट अर्को ठाउँ लग्थे । सिकारीहरूचाहिँ सारथिजस्तो डोरी समातेर कुकुरहरू हाँक्थे ।

सिकारीहरूले त्यहाँ दुइटा भयानक वा बीभत्स सिकार गरे । पहिले सिकारीहरूले हिउँको मैदानमा भालाजस्तो हतियारले झन्डै डेढ वर्ग मिटरजति हिउँ काटेर फाले अनि त्यहाँ एउटा मजबुत डोरीमा बल्छी राखी समुन्द्रमा खसाले, जसमा एउटा ठूलो कालो सार्क माछा फस्यो । त्यो माछा यति ठूलो थियो कि त्यसलाई बाहिर निकाल्न तीन जना सिकारीहरूले मात्र नसकी कुकुरहरूको झुन्डले पनि ताने डोरीको सहाराले, हिउँको सतह पनि अरू केही फुटाए । तीन जना सिकारी र १०-१२ वटा कुकुरहरूको त्यो झुन्डलाई उक्त सार्क माछाको सिकार झन्डै दुई हप्तालाई आहारा हुन्छ भनी प्रस्तोताले भनेको थियो ।

सार्कको सिकारपछि ती सिकारीहरू टेन्टमा बसी टाढाटाढा दूरबिनले सिकारहरू खोज्छन् । उता कुकुरहरू खुसीले रमाएर बसिरहेका हुन्छन् । एक जना सिकारीले समुन्द्रको हिउँ पग्लेर नदीझैं बनेको स्थानमा तीनवटा ससाना ह्वेल माछा खेलिरहेको देख्छ । त्यसमध्ये पछिल्लो ह्वेलले पानीमा खेल्ने क्रममा पछाडिको सुन्दर पुच्छर प्रदर्शन गर्छ । त्यो दृश्य देखेपछि सिकारीहरू क्यानोइङ लिएर तीनतिर गौंडा कुरेर बस्छन् । प्रकृतिका महान् सदस्य ती ह्वेललाई के थाहा ? हिंस्रक सिकारीहरू कहाँकहाँ केके लिएर बसेका छन् । जब ती ह्वेल खेल्दै आउँदा एक सिकारीनजिक पुग्छन्, तब त्यो कालो स्वरूप र जुँगा बाक्लो भएको सिकारी हत्तपत्त आफ्नो क्यानोइङ चलाएर ह्वेलनजिक पुग्छ र फलामको भयानक भालाले प्रहार गर्छ । तुरून्त अर्को भाला पनि हानिन्छ । ह्वेल गम्भीर घाइते बन्छ र सिकारीहरू त्यसलाई तानेर किनारमा ल्याउँछन् । त्यो ह्वेल पनि सिकारी र कुकुरको त्यो झुन्डलाई दुई हप्ता भनेर प्रस्तोता कराइरहेथे ।

क्यानडाको उत्तरी भूभागमा प्रायः बाह्रैमास हिउँ जम्छ । त्यहाँ झन्डै ५ हजार कि.मि. मा फैलिएको हिमसतहमा आदिवासीहरूको पातलो बस्ती छ । उनीहरूको खाद्यान्नको मूल स्रोत भनेको माछा, ह्वेल, सिल, सिपीजस्ता समुद्री जीवजन्तु र कीटहरू नै हुन् ।

सिकारीहरूले सेतो भुवादार कपडा र बाहिरी अर्ध मोजाहरू प्रयोग गरेको पनि देखिन्छ । सम्भवतः उनीहरू ध्रुवीय सेता भालुको पनि सिकार गर्छन् । सार्क मार्ने बेला उनीहरूले अत्याधुनिक क्यामराले समुद्री सतहबाट सार्कको पुच्छरतर्फबाट खिचेका फोटाका दृश्यहरू पनि देखाएका थिए ।

वनजङ्गलका स्वतन्त्र जीवजन्तु र पक्षीहरूको सिकार गरेझैं ध्रुव्रीय क्षेत्रका जीवजन्तुहरूको सिकार गर्नु पर्यावरणीय दृष्टिले घातक छ । तसर्थ कुनै पनि मूल्य चुकाएर त्यस्ता गतिविधि रोकिनुपर्छ । कुनै बेला त्यहाँका आदिवासीहरूको बाध्यता थियो होला त्यसको सिकार गरेर जिउन र आफ्नो अस्तित्व बचाउन । तीन सय वर्षअगिसम्म त्यहाँका कविलाहरू आफ्नो क्षेत्रभित्र कसैलाई प्रवेश गर्न दिँदैनथे । सीमारेखा नाघ्दा त्यहाँ भिडन्त र सङ्ग्राम हुन्थ्यो । तर आज क्यानडाको अवस्था त्यस्तो छैन । झन्डै ५० जाति आदिवासीहरू सबै क्यानडाका नागरिक हुन् र राज्यबाट समान हक, अधिकार र संरक्षित पनि छन् । राज्यले अब उनीहरूलाई स्थानान्तरण गरेर भूमि, आवास, रोजगारीको अवसर र पर्यावरणीय चेतना ल्याई प्रकृतिप्रेमी बनाउनुपर्छ । ध्रुवीय क्षेत्रमा अध्ययन र अनुसन्धान गर्न जानुपर्छ तर कुनै पनि सिकार गर्न कडा प्रतिबन्ध लाग्नुपर्छ ।

विश्वका आदिवासीहरू प्रायः सबै प्रकृतिसमीप छन् । यसै कारण उनीहरूका संस्कार, संस्कृति, परम्परा र जनजीवन पनि प्रकृतिमैत्री छन् । आज संसारभरि यो ग्रहको सुरक्षाको सवाल अहम् हुन आएको परिवेशमा सम्पूर्ण आदिवासीहरूले आफ्नो जीवनका सम्पूर्ण कुराहरूलाई पुनराअवलोकन गर्दै परिष्कृत तुल्याएर जानुपर्छ । यसमा जमिन, समुद्र, जङ्गल र आकाशका स्वतन्त्र जलचर, स्थलचर र उभयचरहरूको संरक्षण र संवर्द्धनको सवाल निकै गम्भीर छ । किनकि पृथ्वीको सन्तुलनमा त्यसको विशिष्ट भूमिका हुन्छ ।

यो कुरा वर्तमान शासक वर्गले बुझेर पनि सबैलाई परिपालना गर्न र गराउन सकेको छैन । त्यसैले धरतीको अक्षरस रक्षाका लागि समाज र संसारभरि आदिवासीहरूकै नेतृत्व र पहल कदमीकै खाँचो परेको त होइन ? हो, राज्यसत्ता यस्तो कुरा हो, जसको अधीनमा प्रकृति, समाज र समाजका सम्पूर्ण कुराहरूलाई नीति, निर्देशन र नियन्त्रण गर्ने शक्ति पनि अन्तरनिहित हुन्छ ।

सम्पादकीय

# चुनावको बेला द्वन्द्व नचर्काऊ

पहिलो चरणको स्थानीय तहको निर्वाचन छिटपुट घटनाबाहेक शान्तिपूर्ण रूपमा सम्पन्न भएपछि प्रचण्ड नेतृत्वको सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट समेत प्रशंसा प्राप्त गरेको थियो । दोस्रो चरणको निर्वाचन अगावै नयाँ प्रधानमन्त्रीको रूपमा शेरबहादुर देउवा चयन भएका छन् भने उनको सरकारले पूर्णता समेत पाइसकेको छैन । चुनावविरोधीसँग वार्ता गरी समस्या समाधान गर्ने महत्वपूर्ण समय सत्ताको फेरबदलमा पनि गुज्रियो । 'काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर' भन्ने उखानलाई चरितार्थ पार्ने काम नेपालको राजनीतिमा धेरैपटक हुँदै आएका छन् भने यसपटक पनि त्यस्तै भयो । दोस्रो चरणको निर्वाचन सम्पन्न गराउने महतवपूर्ण र गम्भीर दायित्व यो सरकारको तत्कालीन प्रमुख कार्यभारका रूपमा अगाडि आएको छ ।

निश्चय पनि दोस्रो चरणको निर्वाचनमा निकै ठूला चुनौती छन् । पहिलो चरणमा मधेसी दलहरूको पहुँच नभएको र पहाडी क्षेत्रमा चुनावविरोधी अभियानमा नेपाल कम्युनिस्ट पार्टी मात्र देखिएकोमा सरकारले सहजै चुनौतीको सामना गरेको थियो । अहिले मूल रूपमा राष्ट्रिय जनता पार्टी निर्वाचन भाँड्न अग्रपंक्तिमा आएको छ भने लिम्बुवान क्षेत्रका केही सानातिना पार्टीहरूले पनि बहिष्कारको नारा दिएका छन् । पहाडी क्षेत्रमा प्रथम चरणको निर्वाचन जस्तै निर्वाचन सहज रूपमा हुने सम्भावना देखिए तापनि मधेस असान्त बन्दै गइरहेको छ । राजनीतिक दल र जनता उल्लासमय वातावरणमा निर्वाचनमा होमिएर माहोल बनाइरहेको अवस्थामा राजपाले मधेस बन्दको घोषणा गरेर घोर अप्रजातान्त्रिक रवैया देखाएको छ । राजपा आबद्ध कतिपय नेता कार्यकर्ताहरू समेत दल त्याग गरी अन्य पार्टीहरूमा धमाधम प्रवेश गर्नुको कारण पनि राजपाले लिएको निर्वाचन विरोधी नीति नै हो ।

संविधानको घोषणादेखि नै असहमति राख्दै विरोधमा उत्रिएका मधेसवादी दलहरूले उठाएका महत्वपूर्ण मागहरू संविधानको पहिलो संशोधनबाट पनि सम्बोधन भएका छन् । अहिले राजपाका नेताहरू संविधान संशोधनबिना निर्वाचनमा नजाने लिंडेढिपी कसिरहेका छन् । दुईतिहाई बहुमतबिना संविधान संशोधन गर्न नसकिने र एमालेबिना दुईतिहाई नपुग्ने राजपा नेताहरूलाई स्पष्टै छ । त्यसैगरी सरकारले मधेसी दलहरूका माग सम्बोधन गर्न मधेसमा गरेको स्थानीय तहको संख्या वृद्धिसमेत अदालतले रोकिदिएको छ । तत्काल दुवै कुरा नहुने अवस्थामा निर्वाचन भाँडेर जनताको मत दिने प्रजातान्त्रिक र संवैधानिक अधिकारमाथि कुठाराघात गरेर कुन खालको अभिष्ट पूरा गर्न मधेसी नेताहरू उद्वेलित भएका हुन् ? प्रश्न गम्भीर छ ।

तराई मधेसमा द्वन्द्व चर्काउन र मधेसी नेतालाई मलजल गर्न लागिपर्ने विदेशी शक्तिहरू समेत अहिले पछाडि हटेको अवस्था छ । मधेसकै प्रमुख शक्तिका रूपमा रहेका उपेन्द्र यादव, विजय गच्छदार नेतृत्वका पार्टीहरू चुनावी प्रचारप्रसारमा होमिएको अवस्थामा पाका नेता मानिने महन्थ ठाकुर, राजेन्द्र महतोले चुनाव भाँड्न खोज्नु राजनीतिक रूपमा पछाडि पर्नु मात्र हो । सरकारले समस्या समाधानकै लागि भनेर पटक पटक निर्वाचन सार्दै आएको छ । ऐन संशोधन गरेर निर्वाचन कार्यालयहरूमा पार्टी दर्ता गर्ने र एकीकरण भएका दलहरूलाई एकीकरण पूर्वको कुनै एउटा दलको चिन्ह लिन पाउने व्यवस्था पनि गरिएको छ । 'औंलो दिंदा डुँडुलो निल्ने' नियत अब राजपा नेताहरूले कदापि गर्नु हुँदैन । आफ्ना असहमतिहरूलाई थाँती राख्दै संघारमा आइसकेको निर्वाचनमा भाग लिनु नै राजपाको हितमा देखिन्छ ।

# मैले देखेको एघारौं विश्व आश्चर्य : इजिप्टको स्वेज नहर

सुरेन्द्र ढकाल



स्वेज कानल निर्माणको बेला




स्वेज कानलमा मालबाहक जहाज




रेड सि र मेडिटेरियन सिलाई जोड्ने स्वेज कानल



कानलको पूर्वपट्टि रहेको युद्धस्मारकसँगै सुरेन्द्र ढकाल



कानलको पूर्व एसियातर्फको सिनाइ खण्डमा सुरेन्द्र, प्रेम र जय



कानल तर्दै फेर्‍री इजिप्ट अफ्रिकाबाट इजिप्ट एसियातर्फ

विश्व आश्चर्यसँगको मेरो साक्षात्कार हुने क्रममा इजिप्टको पिरामिड पछि स्वेज नहर रहेको थियो । हाम्रो टुर प्याकेजमा स्वेज नहर रहेनछ । तब हामीले हाम्रो महिला गाइडलाई स्वेज कानाल हेर्न जाने ब्यवस्था मिलाउन आग्रह गरेपछि ५० अमेरिकी डलर प्रतिब्यक्ति तिर्नुपर्ने उनले बताइन् अनि सो अनुरुप इजिप्ट भ्रमणको अन्तिम दिन हामी कायरोबाट मिनिबस चढी लाग्यौं स्वेज कानालतर्फ ।

**स्वेज कानाल (नहर)**

स्वेज कानाल रेड सि र भूमध्यसागरलाई जोड्ने मानव निर्मित संसारकै सबैभन्दा ठूलोमध्ये एक अन्तर्राष्ट्रिय व्यावसायिक यातायातका लागि बनाइएको कृत्रिम नहर हो । स्वेज कानाल कम्पनीले यसको निर्माण सन् १८५९ देखि १८६९ को बीचमा गरेको थियो । निर्माण कार्यमा दशौं हजार मजदुरहरुले दैनिक रुपमा आफ्नो श्रम र ज्यानको बाजी लगाएका रहेछन् । औपचारिक रुपमा स्वेज कानाल नोभेम्बर १७, १८६९ मा अन्तर्राष्ट्रिय जल यातायातका लागि खुला गरिएको थियो । ब्यापक रुपमा भन्नुपर्दा यस कानालले आटलाण्टिक महासागरलाई हिन्द महासागरसँग जोड्ने कार्य गरेको छ । जसको कारण अमेरिकी र युरोपेली महादेशहरुबाट भूमध्यसागर र रेड सि हुँदै एसिया आइपुग्दा ७००० किलोमिटर (४३०० माइल) वचत हुन पुगेको छ । स्वेज कानाल एसिया र अफ्रिका दुवैतर्फ गरी इजिप्टको बीचमा छ र कानाल भूमध्यसागरमा रहेको इजिप्टको स्वेज कानाल सहरको पोर्ट साइदबाट सुरु भई पोर्ट टेब्फिकमा पुगी रेड सिमा मिसिँदा यसको दूरी १९३ किलो मिटर पुग्दो रहेछ । यस कानालबाट प्रतिदिन न्यूनतम ४७ ठूलाठूला अन्तर्राष्ट्रिय पानीजहाजहरु आवतजावत गर्ने गर्छन् । सामरिक र व्यापारिक दुबै दृष्टिकोणबाट संसारकै सबैभन्दा महत्वपूर्ण जलक्षेत्र भएको कारण यसलाई आफ्नो बनाउने होडबाजीकै कारण सन् १९५६ मा इजरायल, बेलायत र फ्रान्सले संयुक्त रुपमा इजिप्टमाथि आक्रमण गरेका रहेछन् ।

इजिप्टले आफ्नो स्वतन्त्रता सन् १९२२ मा नै प्राप्त गरे तापनि बेलायती सैनिकहरुले स्वेज कानाललाई आफ्नै नियन्त्रणमा नै राखेका थिए । तर जब १९५६ मा इजिप्टका राष्ट्रपति नासेरले स्वेज कानाल राष्ट्रियकरण गरे स्वेज कानाल युद्धको केन्द्रविन्दु बन्यो । तर अमेरिका, सोभियत संघ अनि संयुक्त राष्ट्रसंघको हस्तक्षेपको कारण स्वेज कानालमाथि इजिप्टकै आधिपत्य रहन गयो । यो विजयलाई स्मरण गर्न कानालको पूर्वपट्टि एसिया सिनाई क्षेत्रतर्फ एक युद्धस्मारक र बगैंचा बनाइएको रहेछ ।

हामीले पुरानो र नयाँ कानाल पार गर्ने दुबै क्षेत्र अवलोकन गर्‍यौं र युद्धस्मारक पुगी इजिप्टको विजय गाथा थाहा पायौं । निर्माणकालदेखि हालसम्म यस कानालको व्यवस्थापन स्वेज कानाल प्राधिकरणले गरेको रहेछ भने पुरानो फेर्‍री (कानाल तर्ने जलस्थल) मा फोटो खिच्न पाइँदो रहेनछ । कानाल २४ मिटर गहिरो र २०५ मिटर चौडा रहेको थाहा पाइयो । स्वेज कानालको बारेमा लेख्दा भुल्नु नहुने आठ कुराहरु निम्नानुसारका रहेका छन् ।

१) इजिप्टका राजा (फराव) सेनुस्रेट तृतीयले इसापूर्व १८४० तिर नै रेड सीलाई नाइल नदीसँग जोड्ने नहर निर्माण गर्न लगाएका रहेछन् । विभिन्न कठिनाइ र झमेलाको कारण इसापूर्व ३ याने १५ वर्षभन्दा बढी समय लागेपछि यो नहरको निर्माण तोलेमिक वंशको शासनकालमा सम्पन्न भएको रहेछ । रेडसीबाट यो नहर हुँदै नाइल नदी पार गरी मरुभूमिको पैदल वा ऊट यात्रा गरी मानिसहरु भूमध्य सागर आउने गर्दा रहेछन् ।

२) जब विश्व विजय गर्ने सपना बोकेका फ्रेन्च सम्राट नेपोलियन बोनापार्ट सन् १७९८ मा इजिप्ट विजय गरे उनले नहर बनाउनकै लागि भनेर एक सर्भेएर नियुक्त गरी सम्भाव्यता अध्ययन गर्न लगाए । रेड सीको सतह भूमध्य सागरको सतहभन्दा ३० फिट अग्लो रहेको कारण विचार नपुराइ नहर बनाउँदा नाइल उपत्यका नै डुबानमा पर्ने खतरा हुन्थ्यो भनेको कारण नेपोलियनले यो योजना परित्याग गरे । तर सन् १८४७ मा भएको अर्को सर्भेले दुई समुद्र सतहबीचको उचाई ३० फिट नभई बराबरी नै भएको तथ्य सार्वजनिक भएपछि स्वेज कानाल बनाउने योजना सार्थक हुने देखियो ।

३) सम्भाव्य देखिएपछि नहर बनाउने योजना सन् १८५४ बाट सुरु भयो । एक फ्रेन्च पूर्व कुटनीतिज्ञ तथा नेपोलियन तृतीयका प्रतिनिधि फर्डिनाण्ड लेसेप्सले इजिप्सियन भाइसरायसँग स्वेज कानाल कम्पनी खडा गर्ने सम्झौतामा हस्ताक्षर गरे । विश्व जलमार्गको रुट नै परिवर्तन गर्ने देखी बेलायत सरकारले योजनाको ठूलो विरोध गर्‍यो । यस विषयमा लेसेप्सको तत्कालिन बेलायती प्रधानमन्त्री पार्मस्टनसँग त भनाभनी नै पर्‍यो । तर पछि स्वेज कम्पनीको ४० प्रतिशत शेयर आफूहरुले पनि पाउने भएपछि बेलायतीहरुले विरोध गर्न छाडे ।

४) स्वेज कानाल निर्माण गर्न त्यतिखेर ठूलो संख्यामा कामदार र ज्यामीहरुको आवश्यकता पर्दथ्यो । यसका लागि इजिप्ट सरकारले वधुवा मजदुरहरुलाई सस्तो ज्यालामा दबाब दिएर काम लगाउने निर्णय गर्‍यो । यसप्रकार सन् १८६१ को शुरुमै एकै पटक १० हजार ज्यामीहरुले नहर खन्ने कामको थालनी गरे । सन् १८६३ मा इजिप्टका शासक इस्माइल पासाले एक कानुन पास गरी बँधुवा मजदुर राख्न र दबाब दिएर काममा लगाउन नपाइने व्यवस्था गरेपछि नहर निर्माणले गति लिन सकेन । तर जब पेट्रोलले चल्ने एक्साभेटर प्रयोग गरी नहर खन्न थालेपछि भने पछिल्लो दुई वर्षमा नै ठूलो कार्य प्रगति हासिल भयो । यस क्रममा ७ करोड ५० लाख क्यूविक मिटर बालुवा खनेर निकाल्ने कार्य सम्पन्न भयो ।

५) स्वेज कानालको निर्माणको स्मरण गर्न भनेर नै एसियाको दीप भन्ने नाम दिएर एक अग्लो मूर्तिको पनि निर्माण गर्न लगाइएको थियो । तर त्यही मूर्ति त्यहाँ नठड्याइ पछि अमेरिकाको न्यूयोर्कमा लगेर ठड्याइयो जस्लाई अहिले पनि मानिसहरु स्वतन्त्रताको मूर्ति (स्टाचु अफ लिवर्टी) भन्छन् जुन विश्व आश्चर्यमध्ये एक मानिन्छ । स्वेज कानालको निर्माण यसप्रकारले सन् १८६९ को नोभेम्बरमा गई सम्पन्न भयो ।

६) स्वेज कानालको निर्माणबाट उत्साहित भएका लेसेप्सले अब पनामा कानाल बनाउन दौडधुप गर्न थाले । सन् १८८१ म पानामा कानालको निर्माण सुरु भयो । तर जति सजिलो होला भनेर लेसेप्सले सोचेका थिए त्यति भएन । हजारौं ज्यामीहरु महामारीको कारण मृत्युवरण गर्न बाध्य भए । महामारीको कारक तत्व भन्दै २६ करोड डलर खर्च गरी जंगल डढाएर खरानी बनाइयो । पछि लेसेप्स आफैं भ्रष्टाचारमा तानिएपश्चात् पनामा कानालको निर्माण २५ वर्ष पछाडि धकेलियो ।

७) सन् १९६७ को इजिप्ट इजरायल युद्धताका इजिप्ट सरकारले स्वेज कानाल बन्द गरेको थियो । बन्द गर्ने बेला १५ अन्तर्राष्ट्रिय पानीजहाजहरु कानालमा तैरिरहेका थिए । यी जहाजहरु त्यहाँ ८ वर्षसम्म अड्किए जसलाई यलो फ्लिट भनिन्थ्यो । जहाजमा काम गर्ने कर्मचारीहरु ३।३ महिनामा फेरिन्थे । पछि यी जहाजहरुभित्रै ब्यापार ब्यवसाय हुन थाले, यिनीहरुले आफ्नै छाप र आन्तरिक व्यवसाय प्रणाली विकास गरे । ती जहाजमध्ये १५ जहाजलाई सन् १९७५ मा आआफ्ना देश फर्कने अनुमति दिइयो भने दुई जहाजहरु अहिले पनि जहाजभित्रै स्वतन्त्र व्यापार व्यवसाय गरी बसिराखेका छन् ।

८) पछिल्ला दिनहरुमा स्वेज कानाल भएर आउने जाने पानी जहाजहरुको संख्यामा ठूलो वृद्धि भएको छ । यहाँबाट हरेक दिन न्यूनतम ४७ ठूलाठूला पानीजहाज आवतजावत गर्दछन् । जसबाट इजिप्ट सरकारले वार्षिक ५ अरब डलर आय गर्ने गर्थ्यौं । जहाज ट्राफिक बढ्दै गई कानाल साँघुरो हुन पुगेको महसुस गरी अगष्ट २०१४ मा नहरलाई झन् गहिरो बनाउने र २२ माइल लम्वाइको अर्को शाखा नहर बनाउने आठ अरब पचास करोड डलरको योजना कार्यान्वयन भएपछि यहाँबाट आवागमन गर्ने पानीजहाजको संख्या प्रतिदिन ९७ पुगेको छ र यहाँबाट प्राप्त हुने वार्षिक राजश्व सन् २०२३ मा पुग्दा १० अरब डलर पुग्ने अनुमान गरिएको छ ।

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Remember us for the Construction of Private and Public Works
East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www.ewesnepal.com ä®:
E-mail: info@ewesnepal.com , hbgewe@gmail.com

गाउँपालिका/नगरपालिका निर्वाचन
२०७४
यो निर्वाचनमा एकजना मतदाताले ७ जना प्रतिनिधि छनौट गर्नुपर्ने भएकोले मतपत्रको प्रत्येक पङ्क्तिमा रहेको चिह्न मध्ये आफूले रोजेको उम्मेदवारको चिह्न रहेको कोठामा एक-एक छाप लगाउनु पर्छ ।



नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

महिला हस्ताक्षर

■ लक्ष्मी बस्नेत

# हिंसाले विदेशिन बाध्य

काठमाडौं । राजधानीमै घर भएकी एक महिला अहिले विदेश जाने अन्तिम तयारीमा छिन् । उनी विदेश जान लाग्नुको कारण हो, पारिवारिक कलह । उनको बिहे गरेको ४ वर्ष भयो । पहिलो वर्ष त श्रीमान्सँग राम्रो सम्बन्ध रह्यो । त्यसपछिका दिनहरूमा आफूलाई श्रीमान्ले गलत रूपमा हेर्न थाले । 'लोग्नेले नै कुट्न थालेपछि अरूले त जे पनि गर्छन् । हुँदाहुँदा त सासू, ससुरा र आमाजूसमेत भएर कुट्न थाले । दिनदिनै कुटाइ खाएर बस्नुभन्दा बाहिर जान्छु । मरे पनि उतै मरूँला,' उनी भन्छिन् । उनी खास त अभावमा भन्दा पनि सुरक्षित हुन विदेश जान चाहेकी हुन् । आफ्नो दुई वर्षको बच्चालाई माइतीमा राखेर उताबाट खर्च पठाइदिने सोच उनको छ । उनी भन्छिन्, 'अहिले मलाई राम्रो देश अनि राम्रो कामभन्दा पनि चाँडै विदेश पुग्नु छ । राक्षस परिवारबाट छिट्टै अलग हुन चाहन्छु । एउटै उपाय देखेकी छु । त्यो हो बाहिर जानु ।'

उनीजस्तै अधिकांश महिला हिंसामा परेर हतारमा विदेश जाँदा गलत ठाउँमा पुग्ने गरेका छन् । उनीहरू नेपालमा हिंसाको पीडामा मल्हम लगाउन विदेश जान चाहे पनि विदेशमा समेत थप हिंसा खेप्नुपरेका उदाहरण पनि भेटिन्छन् । सन् २०११ मा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र श्रम मन्त्रालयअन्तर्गतकै एक परियोजनामार्फत गरिएको अध्ययनले पनि घरेलु हिंसा पनि महिला बिदेसिनुको मुख्य कारण भएको निष्कर्ष निकालेको थियो ।

हेटौंडा हाँडीखोलाकी नीता (नाम परिवर्तन) पनि घरायसी कामका लागि कुवेत पुगिन् । हतारमा जाँदा उनी त्यहाँ पुगेको पहिलो दिनदेखि नै थप पीडित बनिन् । श्रीमान्ले रक्सी खाएर कुटपिट गर्ने र तीन छोराछोरीको लालनपालन र पढाइ खर्चको जोहो गर्ने कुनै उपाय नदेखेर व्यक्तिगत भिसामा बिदेसिएकी नीता आफूलाई सुरुदेखि नै मालिक्नीले कोठामा थुनेर कुटपिट गरेको बताउँछिन् ।

केही महिनाअघि काठमाडौंको एक संरक्षण गृहमा भेटिएकी उनले केही



**नेपालमा हिंसाको पीडामा मल्हम लगाउन विदेश जान चाहे पनि उनीहरूले विदेशमा समेत थप हिंसा खेप्नुपरेका उदाहरण पनि भेटिन्छन् ।**

पत्रकारबीच त्यो घटना सुनाइरहँदा उनको आँखा रसाएको थियो । अपत्यारिलोजस्तो लाग्ने कहानी एकपछि अर्को भन्दै जाँदा अरूका पनि आँखा रसाएका थिए । उनी भन्छिन्, 'अढाइ वर्ष बसेँ । सुको पैसा पनि ल्याएको छैन । जीउभरि घाउ, नीलडाम, घाउको खाटा र दुःखको पोको मात्रै भयो ।' युवा उमेरमा कमाएर दिन फेरिएला कि भन्ने आसले बिदेसिएकी उनी अहिले मानसिक रूपमा समेत विक्षिप्त भएकी छिन् भने यातनाले शरीर पनि थङ्थिलो भएको छ ।

दुई वर्षको व्यक्तिगत भिसामा गएकी उनी फर्किने अवस्था नभएर ६ महिना बढी त गैरकानुनी रूपमा (ओभरस्टे) बसिन् । पछि जसोतसो भिसाको म्याद सकिएकाले मालिकले नै प्रहरी कार्यालयमा लगेर छोडिदिए । त्यसपछि उनी नेपाल फर्किने समूहमा परिन् । उनी विगत सम्झँदै भन्छिन्, 'जेलमा पनि प्रहरीले लात्तैलात्ताले हान्थ्यो ।' जसोतसो उनी शरीरभरि घाउ बोकेर रित्तो हात नेपाल आइन् ।

रानकी रंगीता विककाे पीडा पनि उस्तै छ । २२ वर्षमै विदेश गएकी उनले साउदीमा तीन र कुवेतमा दुई वर्ष बिताइन् । कुवेतमा पाएको यातना सम्झिँदा झस्किँदै उनले थपिन्, 'त्यहाँको सबै कुरा बिर्सिने उपाय कसैले सिकाइदिए हुन्थ्यो ।' दुःख गरेर दुई–चार पैसा कमाएर उनी नेपाल आउँदा उनका पतिले अर्को बिहे गरिसकेछन् । आफ्नो व्यक्तिगत जीवनको खुसी, सुख र हाँसो सकिएको गुनासो गर्दै उनी भन्छिन्, 'भोको पेट बस्न परे पनि बिदेसिने दिदीबहिनीलाई खाडी मुलुक नजान सुझाव दिने र आफ्नोजस्तै पीडा व्यहोरेकालाई जोगाउने प्रयास गर्नेछु ।'

गरिबी र स्वदेशमा रोजगारीको अभावले नेपाली युवा रोजगारीका लागि बिदेसिनु मुख्य कारण हो । महिला बिदेसिनुमा अर्को पनि कारण देखिएको छ, त्यो हो– घरेलु हिंसा । विभिन्न अध्ययनले पनि यसलाई पुष्टि गरिसकेको छ । बिदेसिएपछि महिला भएकै कारण हुने हिंसा र विभेद अन्त्य गरिनुपर्नेचाहिँ राज्यको जिम्मेवारी हो भन्छन् यस क्षेत्रमा कार्यरत अधिकारकर्मी ।

पौरखी सचिव सत्रकुमारी गुरूङ भन्छिन्, 'विभेद कानुनले गरेको छैन । सोच र संरचनाले गरिरहेको छ ।' पछिल्लो २० वर्षको अवधिमा नेपालमा छुट्टै श्रम मन्त्रालय बन्यो । विभाग, बोर्ड बन्यो । वैदेशिक रोजगारी ऐन २०६४ आयो । ऐनको दफा ८ ले कामका लागि विदेश जाने सन्दर्भमा लिङ्गका आधारमा विभेद गरिने छैन भनिएको छ । तर, ऐन घरेलु कामदारसम्बन्धी निर्देशिका २०७२, महिलाका लागि बन्देज लगाउने खालको छ । यसले गर्दा नीति–नियमसम्बन्धी व्यवस्था नै महिलाका लागि विभेदपूर्ण हुँदा अवैध बाटोको प्रयोग गरी महिला बिदेसिएका छन् । विशेषगरी कामका लागि महिला कुवेत, लेबनान, इजरायल, बहराइन जाने गरेका छन् । पछिल्लो समय भने लिबियालगायत मध्यपूर्वी मुलुकका साथै अफ्रिकी मुलुकमा समेत अवैध बाटो हुँदै महिलालाई पुर्‍याउने गरेको पाइएको छ । पौरखीका अध्यक्ष मञ्जु गुरूङ सरकारको अप्ठ्यारो व्यवस्था, नयाँनयाँ नीति–नियमले गर्दा स्वीकृति लिएर जाने महिला घटे पनि गैरकानुनी बाटोबाट जानेहरू बढेको बताउँछिन् । सरकारले महिलालाई विदेश जान २४ वर्ष पूरा हुनुपर्ने भनेको छ । यसरी लगाएको उमेरको हदबन्दी पनि ऐनविपरीत रहेको गुरूङको भनाइ छ । झन्डै एक वर्षदेखि दुई वर्षभन्दा सानो बच्चा भएका आमालाई पनि विदेश जान नदिने व्यवस्था सरकारले गरेको छ । उनको भनाइ पनि त्यही छ, 'हदबन्दी र प्रतिबन्धित प्रावधानकै कारण पनि महिला गैरकानुनी प्रक्रिया र अवैध बाटोबाट बिदेसिने क्रम बढेको हो । उनी थप्छिन्, 'ढोका बन्द भएपछि झ्यालबाट भए पनि मान्छे निस्किन खोजिहाल्छ नि ।'

पछिल्लो समयमा महिला बेचबिखन, दलालको फन्दामा फसेको, अवैध बाटो हुँदै बिदेसिएको भन्ने घटनाहरू बढ्दै गएको छ । फेरिँदो बेचबिखनको स्वरूपले पनि वैदेशिक रोजगारीको प्रलोभनमा फस्ने र बेचिने बढ्दै गएका छन् । अधिकारकर्मीहरू महिलाको यस्तो घटना झन् डरलाग्दो हुँदै जाने आँकलन गर्दै यसमा सरकारकै कमजोरी बढी ठान्छन् । पौरखी नेपालले गरेको एक अध्ययनअनुसार कामका लागि जाने झन्डै ९० प्रतिशत महिला आर्थिक, सामाजिक, सांस्कृतिकलगायत कुनै न कुनै कारणले विभेदको सिकार भएरै घर छोडेको देखिएको छ ।

तर, नेपाल सरकारअन्तर्गतको वैदेशिक रोजगार विभागका महानिर्देशक विश्वराज पाण्डे गैरकानुनी रूपमा जानेलाई रोक्न अप्ठ्यारो छ भन्नुहुन्छ । 'धेरै कमाउने, घरमा छलेर, उमेर ढाँटेरसमेत जानेलाई के गर्न सकिन्छ र ?' उहाँको उल्टै प्रश्न छ । तथ्याङ्कगत रूपमा घट्नु वा बढ्नुभन्दा पनि कानुनी रूपमा गएर त्यहाँ गरेको श्रमको मूल्य पाए हुन्थ्यो भन्ने धेरैको भनाइ छ । गैरकानुनी रूपमा बिदेसिने महिलामा यौन शोषण, बलात्कार, यातना, कुटपिटजस्ता हिंसा हुने गरेको पाइएको छ ।

*(संचारिका फिचर सेवा)*

## कविता

# पदक होस् कि नगद



● प्रेम ओली
(ढकलपुरे)

सरुवा लेऊ
बढुवा लेऊ
मन लाग्छ भने सोमरससँग
टन्न तरुवा लेऊ
तर नगद होस कि पदक
मेरो सुपुत्रलाई नै देऊ ।

तिमीले जे भने पनि
यो मेरो पारस हो
मेरो लागी त यो
भविष्यको सुनौलो सारस हो
नपत्याए हेर्नुस् त उसको बहादुरी
श्रीमती खेर्ने वीर उही छ
तपाईंले भए सक्नु हुन्छ ?
अर्काकी श्रीमती लिने धिर उही छ
तपाईंले भए लग्नु हुन्छ ?
तपाईंलाई त एउटी भए काफी
उसले तीनतीन वटी खेऱ्यो
यसो नगर बाबु भन्दा
न आमालाई टेऱ्यो न मलाई नै टेऱ्यो
उसको हुनहार हेर्नुस् न
एउटीलाई लिएर सगरमाथै चढ्यो
कम्प्युटर पनि खर्रर आउँछ
थाहा छैन खै कहाँ पढ्यो
गाँठी कुरो त बाँकी छ भन्न
यो बुढो बाउलाई राजनीतिमा
उसैले बिकाको हो
यो सरकार पनि
उसैले टिकाको हो
बैद्यबालाई पनि पार्टीबाट
उसैले भगाको हो
भट्टराई दाइलाई पनि
उसैले ठेगान लगाको हो
मेरो कम्प्युटर डिजाइनर पनि उही हो
मेरो ग्यान्ड डिजाइनर पनि उही हो
त्यसैले
सरुवा चाहिन्छ कि बडुवा चाहिन्छ
भ्न के के चाहिन्छ लेऊ
नगद होस वा पदक
मेरो सुपुत्रलाई नै देऊ ।

# फेरि ग्यास बुलेट रोक्यो भारतले

काठमाडौं । भारतले नेपाली ग्यास बुलेटलाई ग्यास ढुवानी गर्न आनाकानी गरिरहेको छ । ९ महिनादेखि नेपाली बुलेटले मागेको अनुमति रोकेर भारतले आफ्ना बुलेटवाला ट्रान्सपोर्टरलाई संरक्षण गरिरहेको छ । नेपाल भित्रिसकेका नेपालकै बुलेटसमेत भारतको हेपाह प्रवृत्तिका कारण ग्यास लिन जान पाएका छैनन् ।

भारतका साढे ५ सयभन्दा बढी बुलेटले अहिले नेपालमा ग्यास ढुवानी गरिरहेका छन् । तर, नेपाल सरकारले उच्च तहमा यसलाई पहल गरेर सुल्झाउन चासो दिएको छैन । एक आपूर्ति अधिकारीकाअनुसार भारतले किनिएका नेपाली बुलेटलाई योजनाबद्ध रुपमा रोकेको दाबी आपूर्ति मन्त्रालय स्रोतको छ ।

भारतबाट ग्यास नेपाल ल्याउन ७ सय ७५ वटा नेपाली ग्यास बुलेट किनिँदैछ । झण्डै ४५० वटा बुलेट भारतमा तयार भएर नेपाल भित्रिने तयारीमा रहेको नेपाल एलपीजी ग्यास उद्योग संघका अध्यक्ष शिवप्रसाद घिमिरेले बताए ।

# एनसेलको "वानप्लान" अफर

काठमाडौं । एनसेलले सुलभ दरमा गुणस्तर सेवा प्रदान गर्ने प्रतिबद्धतासहित 'वानप्लान' कम्बो प्याक ल्याएको छ । अब एनसेलका सबै ग्राहकहरुले सुलभ दरमा भ्वाइस, डेटा, एसएमएस र योण्डर म्युजिक सेवाको फाइदा एकै प्याकमार्फत लिन सक्ने बताइएको छ ।

यो वानप्लान प्याक एनसेलका सबै प्रिपेड र पोष्टपेड ग्राहकका लागि मान्य हुनेछ । यो योजनाअन्तर्गत प्याक सुचारु गर्ने ग्राहकले एक हप्तासम्म योण्डर म्युजिक एपमा निःशुल्क अनलाइन गीतसंगीतबाट मनोरञ्जन लिन पाउनेछन् । एनसेलका ग्राहकले आफ्नो आवश्यकताअनुसार वानप्लान १५०, वानप्लान ३०० र वानप्लान ५०० गरी तीन वटा प्याकहरु लिन सक्नेछन् ।

वानप्लान १५० प्याकमा ग्राहकले एक हप्ताको प्याक रु १५० मा लिएर ५०० एमबी डेटा, १०० मिनेट अन नेट टक टाइम र २०० वटा अन नेट एसएमएस सेवाको मजालिन सक्नेछन् । त्यस्तै वानप्लान ३०० अन्तर्गत ग्राहकले रु ३०० मा १५०० एमबी डेटा, ३०० मिनेट अन नेट टक टाइम र ६०० वटा अन नेट एसएमएस पाउनेछन् ।

त्यसैगरी, ग्राहकले वानप्लान ५०० अन्तर्गत मात्र रु ५०० मा ३००० एमबी डेटा, ६०० मिनेट अन नेट टक टाइम र १२०० वटा अन नेट एसएमएस सेवा प्राप्त गर्नेछन् । वानप्लान योजनाअन्तर्गत कुनै पनि प्याक सुचारु गरेका ग्राहकले एक हप्तासम्म योण्डर म्युजिकमा निःशुल्क अनलाइन गीतहरुको मनोरञ्जन लिन सक्नेछन् । योण्डर म्युजिक एप १५,००० भन्दा बढि नेपाली गीतसंगीतहरु सहित२ करोडभन्दा बढि गीतहरु समावेश गरिएको डिजिटल म्युजिक लाइब्रेरी हो ।

वान प्लान प्याकबाट फाइदा लिनका लागि ग्राहकले एस्ट्रिक्स १७१२३ ह्यास डायल गरी त्यसपछि अंग्रेजी अंक ४ (फोर) थिचेर आफ्नो आवश्यकता अनुसारको प्याक सुचारु गर्न सक्नेछन् । प्याक अन्तर्गतप्राप्त सेवाहरु एक हप्ताको समयसिमा भित्रै प्रगोग गरी सक्नुपर्नेछ । यो अफर लागु भएको दिन देखि ३० दिनको लागि मान्य हुनेछ ।

# राष्ट्रिय महिला फुटबल टोलीलाई स्वागत



ताप्लेजुङ । पहिलो पटक राष्ट्रिय महिला लिग फुटबलको उपाधि जित्न ताप्लेजुङका खेलाडीहरुलाईगृहनगरमाभब्य स्वागत तथा अभिनन्दन गरिएको छ । पाल्पामा सम्पन्न राष्ट्रिय फुटबल लिग विजेता बनेको ताप्लेजुङको टिमलाई सोमबार ताप्लेजुङबासीले भब्य स्वागत तथा अभिनन्दन गरेका हुन् ।

बिजेता खेलाडीहरुलाई जिल्लाबासीले अभिनन्द गरी बाजासहित नगर परिक्रमा गराएको थियो । जिल्ला खेलकुद विकास समिति, जिल्ला फुटबल संघ ताप्लेजुङको सयुक्त आयोजनामा जिल्लाबासीले उक्त अभिनन्दन गरेका हुन् ।

ताप्लेजुङको टिमले कुनै पनि खेलमा गोल नखाई ३० गोल गरेर विजेता बनेको भन्दै खेलाडीहरुलाई जिल्ला खेलकुद विकास समिति र फुटबल संघले नगद पुरस्कार दिने निर्णय गरिएको फुटबल संघका अध्यक्ष मोती पतँवाले बताए । ताप्लेजुङले फाइनलमा रौतहटलाई २-० ले हराएको थियो ।

# बाल संरक्षणका लागि जिल्लाको पहल

**दीपक अर्याल/चौतारा**

**प्राकृतिक विपद्पछि बालबालिको संरक्षणका लागि सचेतना अभियान सँगसँगै बालबालिकाको ओसारपसारमा बिशेष निगरानी राख्ने काम भइरहेको छ ।**

बालबालिकाको संरक्षणका लागि सिन्धुपाल्चोक जिल्लामा विभिन्न असल अभ्यास भइरहेको छ । खास गरेर गत वर्ष विनासकारी भूकम्प गएपछि बालबालिकाको संरक्षणमा समस्या पर्ने भएकाले यो पहल थालिएको हो । जिल्ला बाल कल्याणकारिणी समिति र स्थानीय संघसंस्थाको संयोजनमा बाल संरक्षणका विभिन्न उपायहरु गरिरहेको जिल्ला बाल कल्याणकारिणी समितिले जनाएको छ ।

जिल्ला महिला तथा बालबालिका कार्यालयकी प्रमुख सन्ध्या राजेश्वरी सिंहकाअनुसार प्राकृतिक विपद्पछि बालबालिको संरक्षणका लागि सचेतना अभियान सँगसँगै बालबालिकाको ओसार पसारमा बिशेष निगरानी राख्ने काम भई रहेको छ । यस अन्तर्गत जिल्लाको चारै नाकामा बालबालिकाको अबैध ओसारपसार बिरुद्ध नियमित चेकजाँचको व्यबस्था गरेको छ । जिल्लामा २०७२ साल बैशाखमा गएको भूकम्पमा परि ३५७० जनाको ज्यान गएकोमा ९४९ जना बालबालिका थिए । यसमध्ये १७ जना अपांगता भएका बालबालिका थिए । गैरसरकारी संस्था महासंघ सिन्धुपाल्चोकका अध्यक्ष सोम सापकोटाका अनुसार अझै पनि १३ जना बालबालिका बेपत्ता छन् ।

गत बर्षको अकल्पनीय बिपद्लगत्तै बालबालिकाको ओसारप्रसार हुन थालेपछि यसलाई नियन्त्रण गर्न जिल्ला बाहिर जाने सबै नाकामा सोधपुछ र निगरानी राख्ने गरिएको छ । जिल्लाबाट काठमाडौं जाने प्रमुख नाका बनदेवीमा बालबालिकाका निगरानीमा खटिएकी स्थानीय स्वयंसेविका कल्पना श्रेष्ठकाअनुसार गत बर्ष सय भन्दा बढी बालबालिकालाई त्यही नाकाबाट उद्धार गरिएको थियो । बिपद्पछि बालबालिकामाथि सबै प्रकारका दुर्व्यवहार, हेला, भेदभाव, हिंसा र शोषणको मात्रा बढ्दै गएपछि बालबालिकाको अधिकार संरक्षणका लागि यो पहल थालिएको हो । जिल्ला बाल कल्याणकारीणी समितिका सदस्य सचिब तथा महिला तथा बालबालिकाका कार्यलयकी प्रमुख सन्ध्या सिँहले भने ।

उता जिल्ला प्रहरी कार्यलय सिन्धुपाल्चोकका प्रमुख प्रहरी उपरीक्षक रबि केसीले पनि जिल्लामा रहेका सबै संघ संस्था तथा सरोकारवालाको पहलमा जोखिममा परेका बालबालिकाको अधिकार संरक्षण गर्न सक्रिय भएपछि केही घटना न्यूनिकरण भएको बताए । खास गरी पछिल्लो प्रकरणमा बाल यौन हिंसा घटेको र बालबालिकाको ओसार पसार बन्द भएको उनको दावी थियो ।

'जोखिममा परेका बालबालिकाका लागि कानूनी र नैतिक सहयोग नेपाल प्रहरीले गर्दछ । बाल बिबाह बिरुद्ध दण्ड सजायलाई सबल बनाईएको छ' प्रहरी उपरीक्षक केसीको दावी छ ।

बालअधिकारको संरक्षण प्रबर्द्धन कार्यमा विद्यालय र शिक्षकहरु पनि सक्रिय रहेको कालिका माध्यामिक बिद्यालयका प्रधानाध्यापक कमल सापकोटाको भनाई छ, 'सामान्यतयाः शिक्षकलाई सिंगो समुदायले नै जाने बुझेको मानिस र बालबालिकालाई सही मार्गदर्शन गर्न सक्ने व्यक्तिका रुपमा स्वीकार गरेको हुँदा पनि यो संवेदनशीलतालाई हामीले बुझेका छौ ।'

गत मंसीरको दोस्रो साता सम्पन्न चौतारा नगरपालिका स्तरीय बालभेलामा बालबालिकाहरुले बाल संरक्षणको बिभिन्न पक्षमा सवाल उठाएका थिए । चौतारा साँगाचोक नगरपालिकाका बालमैत्री स्थानीय शासन सम्पर्क व्यक्ति यमूना साहले बालबालिकाको आवाजलाई ख्याल गरेर नै जिल्लामा बाल संरक्षणको पहल भएको दावी गरे । चौतारा नगरपालिकाका कार्यकारी अधिकृत भूवनेश्वर लामिछानेले पनि बालबालिकाको आवाज सम्बोधन गर्न नगरपालिकाकाले बाल संरक्षणसम्बन्धी कार्यक्रम बनाएको बताए । जिल्ला समन्वय समिति सिन्धुपाल्चोकका स्थानीय विकास अधिकारी कृष्ण बहादुर शाहीले समग्र जिल्लाको ध्यान बाल अधिकारमा केन्द्रित भएको बताउँदै बालबिबाह बिरुद्ध जिल्लाका बिभिन्न बिषयगत कार्यलयहरुको सहकार्यमा अभियानहरु सञ्चालन भईरहेको बताए ।

यसै गरी समितिका कार्यक्रम अधिकृत राजु श्रेष्ठले पनि बाल अधिकारका लागि सचेतना कार्यक्रम भईरहेको र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुको साझेदारी रहेको जानकारी दिए ।

बाल संरक्षण बाल अधिकारमध्ये महत्वपूर्ण खम्बा हो । बालबालिकालाई शारीरिक, मानसिक रुपमा सबल र सक्षम भई भेदभाव नभएमा बाल संरक्षण भएको मानिन्छ । विशेष संरक्षणको आवश्यकता रहेका बालबालिका जस्तै बाल श्रमिक, सडक बालबालिका, यौनदुर्व्यवारमा परेका, अन्य हिंसा दुर्व्यवहारमा परेका, घरेलु हिंसामा परेका, कानूनको विवादमा परेका, लागुपदार्थको दुर्व्यसन आदिमा परेका बालबालिकालाई नकारात्मक रुपमा हेर्ने, भेदभाव गर्ने नभई सो समस्याबाट उम्कन र सामान्यीकरण हुन सहयोग गर्ने कार्य गर्नु अभिभावक तथा सरोकारवालाको कर्तव्य हुन जान्छ ।

आफ्नै घर, व्यवसायमा बालश्रम नलगाउने, बालबालिका विद्यालयमा सुरक्षित भएको सुनिश्चित गर्ने, आवश्यकतानुसार अन्य निकायको सहयोग लिने काम बिद्यालय तहमा हुन्छ भने बालबालिकालाई आफ्ना कुरा बयस्कहरु, समुदाय र आधिकारिक निकायहरु समक्ष राख्न सक्ने बनाउन सहयोग गर्ने काम गैरसरकारी संस्थाहरुले गर्ने गर्दछन् ।

बाल अधिकार मानवअधिकारको अभिन्न अंग भएकाले यो सबैका लागि हो र विश्वव्यापी हुन्छ । बालअधिकार भनेको बालबालिकाको विशेष मानवअधिकार हो । "शारीरिक तथा मानसिक रुपमा अपरिपक्व हुने भएकाले बालबालिकालाई विशेष हेरचाह र स्याहारको आवश्यकताका साथै उचित कानुनी संरक्षणको खाँचो जन्मनु अघि र जन्मेपछि पनि पर्छ" भनेर बालअधिकार सम्बन्धी महासन्धिको प्रस्तावनामा नै लेखिएबाट बालअधिकारको आवश्यकता र महत्व प्रष्ट हुन आउँछ ।

बालबालिकाको विशेष हेरचाह, स्याहार र संरक्षणका लागि एवम् उनीहरुलाई बाँच्नका लागि चाहिने आधारभूत कुराहरुको व्यवस्था गर्नु, शिक्षा प्रदान गर्नु, स्वास्थ्य सेवा पुर्‍याउनु, खेल-मनोरञ्जन र आराम गर्न दिनु, माया-स्नेह गर्नु, हेला-दुर्व्यवहार, भेदभाव र शोषणलगायत कुनै पनि हिंसात्मक एवम् सशस्त्र गतिविधिहरूबाट जोगाउनु पर्दछ । सबै बालबालिकाले माया-स्नेह, शान्ति समझदारी र सुरक्षापूर्ण वातावरणमा रहेर असल शिक्षा हासिल गर्नु, स्वस्थ हुनु तथा सुरक्षित रुपमा आफ्नो बालापन विना अवरोध बिताउन पाउनु पर्दछ । बालबालिकाको पनि वयस्कको जस्तै मानवीय अस्तित्व छ र उनीहरुलाई पनि सम्मान गरिनु पर्छ । त्यसैले बालअधिकार भनेको एकदमै नौलो कुरा होइन, एउटा सक्षम नागरिकका रुपमा हुर्कनका निम्ति प्रत्येक बालबालिकाका निम्ति आवश्यक कुराहरुको समग्र रुप नै बालअधिकार हो ।

*मीरेष्ट लेखमालाबाट)*

# चर्किंदै कतार समस्या, सम्बन्धविच्छेद गर्ने बढे



विष्णु भट्टराई

कतारले आतंकवादी समूहलाई सहयोग गरेको आरोप लगाउँदै अधिकांश खाडी मुलुकहरुले उससँग कूटनीतिक सम्बन्धविच्छेद गरेका छन् । यस्ता मुलुकहरुमा साउदी अरब, संयुक्त अरब इमिरेटस् (यूएई), बहराइन, इजिप्ट, यमन, लिबिया, माल्दिभ्स र पछिल्लो पटक थपिएका सेनेगल र मौरिटानिया गरी ९ वटा छन् । यस्तै, जोडर्न र जिबुटी पनि कतारसँगको कूटनीतिक सम्बन्ध बढाउन डराइरहेका छन् ।

रूसले कतारविरुद्ध गरेको अवरोधले सिरियाको शान्तिप्रक्रियालाई कठिन बनाउने चेतावनी दिएको छ । रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले खाडीको कूटनीतिक समस्याबारे साउदी राजा सलमानसँग टेलिफोन वार्ता गरेपछि क्रेमलिनले विज्ञप्ति जारी गर्दै यस्तो बताएको हो ।

टर्कीका राष्ट्रपति रेसेप तायिप इर्दोगानले पनि खाडी संकट समाधानका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न साउदी राजा सलमान विन अब्दुलाजिज अल साउदसँग आग्रह गरेका छन् । उनले कतारले टर्कीसँगै आतंकवादी संगठनविरुद्ध दृढ अडान राखेको पनि स्मरण गराएका छन् । यता साउदी राजा सलमानसँगको सोमबारको भेटमा पाकिस्तानी प्रधानमन्त्री नवाज सरिफले साउदीको सार्वभौमसत्ता र प्रादेशिक अखण्डताका पक्षमा पाकिस्तानी जनता र सरकारको समर्थन रहेको जनाएका छन् । कतारका विदेशमन्त्री शेख मोहम्मद विन अब्दुलरहमान अल थानीले साउदी अरब नेतृत्वमा कतारलाई आर्थिक नाकाबन्दी लगाइनुको कारण अझै थाहा नभएको बताएका छन् ।

कतारी समाचार समितिका अनुसार विदेशमन्त्री थानीले कतारले कुनै पनि प्रकारको दबाब स्वीकार नगर्ने पनि बताएका छन् । फ्रान्सको पेरिसमा बोल्दै उनले समस्या समाधानका लागि युरोपेली मध्यस्थताको कुनै योजना नभएको स्पष्ट पारेका छन् । साउदी अरबका विदेशमन्त्री अदेल अल-जुबिरले कतारमाथि कुनै पनि प्रकारको अवरोध नभएकोमा जोड दिँदै आवश्यक परे आफ्नो देशले खाद्यान्न र औषधि आपूर्ति गर्ने बताएका छन् ।

अमेरिकी विदेशमन्त्री रेक्स टिलरसनसँगको भेटवार्ताअघि बोल्दै उनले कतारका बन्दरगाह र विमानस्थलहरू खुला रहेको बताएका हुन् । उनले कतारले आवश्यक परेका बेला सामान आपूर्ति र निर्यात गर्न पनि सक्ने बताए । दुई देशमा रहेका परिवारलाई आवतजावत गर्न पनि साउदी अरबले स्वीकृति दिएको जुबिरले उल्लेख गरे । उनले साउदी मानवीय सहायता एजेन्सी 'किङ सलमान सेन्टर' मार्फत कतारलाई खाद्यान्न र औषधि आपूर्ति गर्न पनि इच्छुक रहेको बताए ।

कतारसँगका राजनीतिक र कूटनीतिक सम्बन्ध तोड्ने साउदी अरबसहितका मध्यपूर्वका मुस्लिम राष्ट्रहरूको निर्णयसँगै त्यस क्षेत्रमा नयाँ संकटको अवस्था देखा परेको छ । अरब राष्ट्रमा देखा परेको यो संकट सन् १९९१ मा गल्फ युद्ध सकिएपछिको सबैभन्दा जटिल समस्या पनि हो । कतार विश्वमै सबैभन्दा बढी प्रतिव्यक्ति आय भएको अरब क्षेत्रको एक समृद्ध मुलुक हो । साउदी अरब नेतृत्वमा रहेको सैनिक गठबन्धनको सदस्यसमेत रहेको कतारसँगै कूटनीतिक सम्बन्ध तोडेर यस क्षेत्रका अन्य राष्ट्र अघि बढेपछि अब यसले कस्तो मोल लिएला भन्ने सर्वत्र चासो र चिन्ता व्यक्त गरिँदै आएको छ ।

साउदी अरब, इजिप्ट, यूएई, बहराइन, यमन र लिबियाले कतारसँगको कूटनीतिक सम्बन्ध तोडेका छन् भने साउदी, यूएई, इजिप्ट र बहराइनले हवाई, स्थल र सामुद्रिक मार्गसमेत बन्द गरिदिएपछि यसले कतारको सामाजिक र आर्थिक जीवनमा समेत नकारात्मक क्षति पुग्ने देखिएको छ । कतारसँगको राजनीतिक सम्बन्ध तोड्ने अरब राष्ट्रको निर्णय आफैंमा एउटा ठूलो परिघटना हो । यद्यपि अरब क्षेत्रमा लामो समयदेखि तनाव रहँदै आएको छ । यी सबै देशले एकै स्वरमा कतारमाथि इस्लामिक स्टेट र अन्य चरमपन्थी इस्लामिक समूहलाई आर्थिक सहयोग गरिरहेको आरोप लगाएका छन् । जसलाई कतारले खण्डन गर्दै आएको छ ।

कतार अरब क्षेत्रको तेलको धनी र आर्थिक समुन्नत राष्ट्र हो । त्यति मात्रै नभएर राजधानी दोहा हवाई क्षेत्रको एउटा हबका रूपमा स्थापित भएको स्थान हो । प्रतिबन्धलगत्तै यूएईले दोहा ट्रान्जिट भएका एयर कम्पनीहरूलाई पत्र नै लेखेर दुबई ट्रान्जिट गर्न आग्रह गर्‍यो । यसको सिधा अर्थ अन्तर्राष्ट्रिय उडानहरूलाई समस्या भएकाले नजिकको विमानस्थल प्रयोग गर्न आग्रह गर्नु मात्रै हुँदैन । साउदी अरबका केही व्यक्तिले अमेरिकामा भएको सेप्टेम्बर ११ भएको आतंकवादी हमलामा सहयोग गरेको आरोप लागेको थियो भने त्यसमा संलग्नमध्ये १६ जना साउदी अरबकै नागरिक थिए । जुन विषयमा साउदी अरब र अमेरिकाबीच गत वर्ष सम्बन्ध निकै चिसिएपछि तत्कालीन



राष्ट्रपति बाराक ओबामाले साउदी भ्रमण गरी आफ्नो देशमा गरेको लगानी फिर्ता नल्याउन आग्रह गरेका थिए ।

कतारको छिमेक नीतिमा कुनै गडबडी रहेको र उसले आफ्ना आर्थिक गतिविधिहरूलाई हस्तक्षेपकारी रूपमा विस्तार गरेको हुन सक्छ, जसलाई आतंकवादमाथिको लगानी भन्न सकिँदैन । हालै कतारका अमिर शेखको एक म्यासेसबाहिर आयो, जसमा उनले मध्यपूर्वमा स्थिरताका लागि इरान धेरै आवश्यक रहेको बताएका छन् । इरानले यसलाई आधिकारिक नभएको भन्दै पछि खण्डनसमेत गरेको थियो तर यो कतारमाथिको राजनीतिक सम्बन्ध तोड्ने निर्णयको तात्कालिक कारणसमेत हुन सक्छ । त्यसकारण साउदी र इरानबीचको टक्करसमेत कतारसँगको राजनीतिक सम्बन्ध तोडिनुको महत्वपूर्ण कारकतत्व हो ।

यद्यपि कतारसँग इस्लामिक देशले राजनीतिक सम्बन्ध तोडेको यो पहिलो घटना होइन । सन् २०१४ को मार्चमा साउदी, बहराइन र यूएईले कतारमाथि आफूहरूको आन्तरिक मामलामा दखल दिएको भन्दै आफ्ना राजदूतहरू फिर्ता बोलाएको थियो । जवाहरलाल नेहरू विश्वविद्यालयका पश्चिम एसिया मामलाका प्राध्यापक आफताब कमाल पासा भन्छन्, 'पहिले अरब र फारसको विवाद थियो, पछि सिया-सुन्नी विवाद भयो र अब यो कतार-साउदीबीच यस्तै समस्या देखिएको छ । कतार पहिलेदेखि नै इरानको समर्थन गरिरहेको छ, इरानबाट साउदी अरब असुरक्षित रहेको भावना यसबाट आइरहेको छ ।'

इरान र साउदी अबर मध्यपूर्वमा दुई शक्तिशाली राष्ट्र हुन् र यिनीहरूको सम्बन्ध तनावपूर्ण रहँदै आएको छ । दुवै देश यस क्षेत्रमा आफ्नो प्रभाव विस्तार गर्न केन्द्रित रहँदा झनै टकराबको अवस्था सिर्जना हुने गरेको छ । सुन्नी मुस्लिमको बाहुल्यता रहेको साउदी अरब र सिया समुदायको वर्चस्व रहेको इरानको राजनीति र कूटनीतिको केन्द्रमा धर्म रहँदै आएको छ । संसारमा साउदी अरब आफूलाई सुन्नी इस्लामको प्रमुख राष्ट्रका रूपमा लिन्छ भने इरान आफूलाई सिया मुस्लिमको प्रेरणाको स्रोत, रक्षक र सहयोगीका रूपमा लिन्छ ।

मध्यपूर्वमा इरान, इराक र बहराइनजस्ता देश छन्, जहाँ सियाको जनसंख्या सुन्नीको भन्दा बढी छ । साउदी अरब र उसको समूहका राष्ट्रहरूलाई अमेरिकाको सिधा समर्थन रहँदै आएको छ भने इरान र अमेरिकाबीचको सम्बन्ध कहिल्यै पनि राम्रो हुन सकेन । अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओबामाको कार्यकालमा लामो समयको प्रयासबीच इरानसँग परमाणु सम्झौता भएपछि त्यसबाट साउदी रुष्ट बनेको थियो । डोनाल्ड ट्रम्पको कार्यकाल सुरु भएपछि अमेरिका-साउदी सम्बन्ध पुनः पुरानै अवस्थातिर फर्किएको छ । दुई साताअघि साउदी भ्रमण गरेर ट्रम्पले इरानविरुद्ध भाषणबाजी गरेका थिए । सन् १९७९ को इस्लामी क्रान्तिपछि अमेरिकासँग इरानको सम्बन्ध पनि दुस्मनीपूर्ण रहँदै आएको छ ।

इरान र साउदी अरबबीच साउदी अरबका राजाले अमेरिकामाथि इजरायलका माध्यमबाट आक्रमण गराउन दबाब बनाइरहेको विकिलिक्सले खुलासा गरेपछि दुस्मनी झनै बढेको थियो । साउदी अरबमाथि पनि सुन्नी चरमपन्थीलाई बढावा दिएको, पैसा सहयोग गरेको आरोप लाग्ने गरेको छ भने लेबनानमा सक्रिय सिया हतियारबन्द संगठन हेजबुल्लाहलाई इरानको समर्थन रहेको आरोप छ । सिरिया र इराकमा लडिरहेका हतियारबन्द समूहको 'कनेक्सन' सिया-सुन्नीका हिसाबले इरान र साउदी अरबसँग जोडिएको बताउने गरिन्छ । मध्यपूर्वमा रहनुका बाबजुद इरान र साउदी अरब दुई अलग पहिचान बनाएका राष्ट्र हुन् । इरान र इराकबीच ८० को दशकमा चलेको लामो लडाइँ पनि सिया-सुन्नी टकरावकै रूपमा हेर्न सकिन्छ ।

सिया बहुल इराकमाथि सुन्नी सद्दाम हुसैनको शासन थियो र उनी इराकको सिया जनसंख्यामा इरानको बढ्दो प्रभावबाट धेरै चिन्तित थिए, जो लडाइँको प्रमुख कारण बन्यो । बहराइन र इराक यस्ता सिया बहुल देश हुन, जहाँ अल्पसंख्यक रहेर पनि सुन्नीको शासन लामो समयसम्म रह्यो । इरान र साउदी अरबबीच अविश्वासमा अर्को महत्वपूर्ण कारक तत्व भनेको अमेरिका हो । साउदी अरब अमेरिकी हतियारको सबैभन्दा ठूलो क्रेता हो । साउदी आफ्ना लागि आवश्यकताका लागि अमेरिकामाथि निर्भर रहेको छ भने इरान र अमेरिकाबीच कुनै राजनीतिक सम्बन्ध छैन ।

अर्कोतर्फ इरान धेरै मामलामा आत्मनिर्भर रहेको छ । उसले तमाम प्रतिबन्ध र दबाबका बीच स्वतन्त्र रूपमा आफ्नो परमाणु संयन्त्र सञ्चालन गरेको थियो । अफगानिस्तान एक यस्तो स्थान हो, जहाँ आफ्नो प्रभाव बढाउनका लागि इरान र साउदी अरब दुवै लागेका छन् । खासगरी पश्चिमी अफगानिस्तानमा इरान धेरै सक्रिय रहेको छ, किनकि त्यहाँ इरानको भूभाग जोडिएको छ । साउदी अरब र इरानबीच अझै तनाव बढेको अवस्थामा यसले मध्यपूर्वलाई नयाँ युद्धको अवस्थामा पुर्‍याउने खतरालाई नकार्न सकिन्न ।

अरब देशको निर्णय यस्तो समयमा आयो कि खाडी देश र छिमेकी इरानबीच तनाव बढिरहेको छ । हालैको आफ्नो साउदी भ्रमणका क्रममा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमाथि चरमपन्थलाई बढावा दिएको आरोप लगाएका थिए । मुस्लिम देशहरूको सम्मेलनमा ट्रम्पले राखेका यस्था भनाइले शक्तिशाली खाडी देशबीचमा दरार उत्पन्न भएको छ ।

कतारमाथि जुन राजनीतिक सम्बन्ध विच्छेद भएको छ, यसले इरानलाई एक्ल्याउन ५४ मुस्लिम देशलाई एकजुट गर्ने जुन कोसिस भइरहेको थियो, त्यसमा भने धक्का लागेको छ । यसले इरान र उसलाई समर्थन गर्ने समूहका लागि भने फाइदा नै पुर्‍याएको छ । कतारले भने यसअघि पनि यस्तो प्रतिबन्धको सामना गरिसकेकाले कतार पूर्ण रूपमा यी देशसँग निर्भर पनि छैन र यी देश पनि कतारसँग निर्भर छैनन् ।

कतारले अरब देशसँगको राजनीतिक समस्या सामान्य बनाउनका लागि आफ्नो वैश्विक नीतिको समर्पण नगर्ने स्पष्ट पारेको छ । कतारका विदशमन्त्री शेख मोहम्मद बिन अब्लुरहमान अल थानीले बढ्दो संकट समाधान गर्नका लागि राजनीतिक भएको र यसको सैन्य समाधान हुन नसक्ने बताएका हुन् । उसले आफ्नो नीति सफल, प्रगतिशील भएको र आफूहरू शान्ति समर्थक रहेकाले आतंकवादको समर्थक हुन नसक्ने समेत उल्लेख गरेको छ । यसले तत्कालै कतार समस्या समाधानका लागि कतार झुक्ने आम अनुमान गलत साबित गरिदिएको छ ।

इरान र साउदी अरबबीच लामो समयदेखि रहेको दुस्मनीलाई यो घटना क्रमले थप मलजल गरेको छ । इस्लामी देशले राजनीतिक सम्बन्ध तोड्ने र कतारलाई त्यस क्षेत्रमा कमजोर बनाउने जुन प्रयत्न भएको छ, यसले अरब राष्ट्रको स्थिरतलाई फेरि खलल पुर्‍याएको छ । अहिले यो घटनालाई लिएर अब आगामी दिनमा कतारको भविष्य के होला, यो संकटले त्यस क्षेत्रमा के असर पार्ला भन्ने आशंकाहरू जन्मिएका छन् । इरानले आफ्नो स्थानमा जुन राजनीतिक र रणनीतिक भविष्यको निर्माण गरिरहेको छ, त्यसले अमेरिकासहित उसका सहयोगी राष्ट्रहरूबीच तनाव बढाइरहेको छ । मुस्लिम संसारलाई विभाजित गरी त्यस क्षेत्रमा राज गरिरहेका पश्चिमा राष्ट्रहरूको उद्देश्यमा कतार समस्याले धक्का पुर्‍याएको छ ।

हाल मुस्लिम विश्वमा जे भइरहेको छ, यसको शृंखला भने निकै लामो रहेको छ । खासगरी दोस्रो विश्वयुद्ध र शीतयुद्धको समाप्तिपछि पश्चिमा राष्ट्रको मुस्लिम संसारसँग नयाँ टकरावको अवस्था देखा पर्‍यो । अरब युद्धदेखि इरान-इराक युद्ध तथा इराकमा अमेरिका नेतृत्वको गठबन्धन सेनाले आक्रमण गरेपछि पश्चिमा राष्ट्र र मुस्लिम विश्वबीचको टकराब नयाँ उत्कर्षमा पुगेको हो । आतंकवादले मुस्लिम समुदायमाथि नै समस्या बनाइरहेको छ । दुई दिनअघि इरानमा आईएसको आक्रमण, दुई साताअघि अफगानिस्तानको काबुल, गत वर्ष टर्कीको इस्तानबुल र अंकारा, फ्रान्सको निस, जर्मनी, बेल्जियमलगायतका राष्ट्रमा आतंकवादी हमलाका शृंखला नै चले । यसअघि अमेरिकामा सेप्टेम्बर ११ को हमला, सन् २००४ को मड्रिड हमला, २००५ को लन्डन रेल वे हमलाले मुस्लिम आतंकवादलाई प्रस्ट पार्छ । पश्चिमा र मुस्लिम अतिवादका कारण आज विश्वका थुप्रै देशका लाखौं जनताहरू कठिन जीवन बिताउन बाध्य भएका छन् । यो संघर्ष एक प्रकारको धार्मिक अतिवादी हिंसामा नै परिणत भएको छ भन्दा फरक पर्दैन । आतंकवादको अन्त्यका नाममा अमेरिकाले अफगानिस्तानमाथि आक्रमण गर्‍यो । सन् २०११ मा पाकिस्तानको एबोटाबादमा अल कायदाका कमान्डर ओबामा बिन लादेन मारिएपछि विश्वमा आतंकवाद अन्त्य हुने अनुमान गरिएको थियो । त्यसो हुनुभन्दा झनै आतंकवादले विश्वमा नयाँ संकट सिर्जना गरेको अवस्था छ । अहिले विश्वमा जुन प्रकारको मुस्लिम राष्ट्र र पश्चिमा राष्ट्रबीच विवाद देखिएको छ, यो एक धार्मिक अतिवादसमेत हो । पश्चिमा राष्ट्रले मुस्लिम समुदायलाई जहिले पनि आतंकवादी नरमा हेर्ने र ती राष्ट्रमा सैनिक कारबाहीबाट सबै समस्याको हल गर्न खोज्दा पनि अहिलेको संकट उत्पन्न भएको हो ।

*एजेन्सीहरुबाट*

## रोचक संसार

### १६ लाखको गधा



भारतको हरियाणाको सोनीपतमा टिप्पु नामको गधा चर्चामा छ । राज सिंह नामक किसानले पालेको यो गधाको मूल्य उनले १० लाख भारु अर्थात् १६ लाख रुपैयाँ तोकेका छन् । उनका अनुसार टिप्पु कुनै मामुली गधा होइन । यसको कद अन्य साधारण गधाको भन्दा ७ इन्च लामो छ । टिप्पुको प्रयोग प्रजननका लागि गरिँदैआएको छ ।

एक पशु मेलामा उत्तर प्रदेशका एक व्यक्तिले टिप्पुलाई ५ लाखमा किन्ने प्रस्ताव गरेको तर आफुले १० लाख भारु मूल्य तोकेको उनी बताउँछन् । टिप्पुले एक दिनमा ५ किलो कालो चना, ४ लिटर दुध, २० किलो हरियो चना खान्छ । खानापछि मुख मिठाउन लड्डु त नभै हुन्न । नत्र उसको मूड खराब भैहाल्छ । त्यसैले यसको आहारामै दिनमै १ हजार भारु खर्च हुने राज सिंह बताउँछन् । साथै यसको तबेलामा हर समय पंखा चलाइएको हुन्छ ।

टिप्पुको प्रजनन सेवा लिनका लागि हिमाचल प्रदेश, उत्तर प्रदेश तथा उत्तराखण्डबाट समेत सेवाग्राही आउँदछन् । प्रजननका लागि टिप्पुको एक पटक प्रयोग गरेको शुल्क १० हजार भारु हो ।

### ५६ मिनेटमा घुमिने देश

पैदल हिँडेरै केही मिनेटमै एउटा पूरै देश घुम्न सम्भव होला ? सुन्दैमा अचम्म लाग्नसक्छ, एउटा यस्तो देश पनि छ दुनियाँमा जुन ५६ मिनेटमा पैदलै घुमेर सकिन्छ । फ्रान्स नजिकै रहेको मोनाको नामक देश दुनियाको दोश्रो सानो देश हो । यो देश फर्मुला वान कार दौड, ग्लामरस क्यासिनो, शुन्य आयकर, सुरक्षा तथा सुविधा अनि चौबिस घण्टे बजारका लागि चर्चित छ । यो देशको क्षेत्रमा केवल १.९५ वर्ग



किलोमिटर छ । त्यसैले १ घण्टा भन्दा पनि कम समयमा पैदलै हिँडेर यो देश पूरै घुम्न सकिन्छ । भूमध्यसागरको उत्तरी मध्य तटमा अवस्थित यो देशको तीनवटा दिशाको सीमा फ्रान्ससँग जोडिएको छ । यहाँ संवैधानिक राजतन्त्र छ । यो देशका सबै मानिस करोडपति छन् । यो देशको सुरक्षाको जिम्मा फ्रान्सले लिएको छ ।

स्मरण रहोस् विश्वको सबैभन्दा सानो देश चाहीँ भ्याटिकन सिटी हो । जसको क्षेत्रफल ०.४४ वर्ग किलोमिटर रहेको छ । जुन मोनाको भन्दा निकै सानो हो ।

### ३२० को औंठी नौ करोडमा

लण्डनकी एक महिलाले ३७ वर्षअघि एउटा औंठी झण्डै ३ सय २० रुपैयाँ बराबरको मूल्यमा खरिद गरेकी थिइन् । सेल लागेको बेला उनले निकै सस्तो मूल्यको उक्त औंठी किनिन् र पछिल्लो ३७ वर्षदेखि उनले लगभग हरेक दिनजसो नै सो औंठी लगाइरहिन् । उनलाई औंठी निकै मन परेको थियो तर त्यो औंठी असली हिराको हो भन्ने कुरा चाहीँ थाहा थिएन । उसो त त्यति सस्तोमा त्यो औंठी बेच्नेलाई पनि त्यसको पत्तो थिएन होला । एकदिन ती महिलाले आफूले ३७ वर्षदेखि लगाउँदै आएको औंठी आखिर के को रहेछ भन्ने जान्न मन लागेछ र स्थानीय गहना पसलमा गएर जाँच गराइछन् । जब गहना पसलेले उनको औंठी असली हिराको भएको कुरा बतायो तब उनको खुसीको ठेगाना रहने कुरै भएन । गहना पसलेले उक्त औंठी २६.२७ क्यारेट हिराको भएको पुष्टि गरिदियो । जसअनुसार त्यसको परल मूल्य नै अढाईदेखि साढे ३ लाख पाउण्डसम्म पर्दथ्यो ।

निकै पुरानो त्यो औंठीको बारेमा थाहा पाएपछि गहनाको लिलामी गर्ने एक संस्थाले ती महिलासँग सम्पर्क गर्‍यो अनि उनीसँगबाट लिएर त्यो औंठी लिलामी गर्‍यो । अन्त्यमा त्यो औंठी झण्डै पौने ९ करोड रुपैयाँ बराबरको मूल्यमा बिक्यो ।

वास्तवमा उक्त औंठीमा प्रयोग गरिएको हिराको टुक्रा निकै पुरानो ढंगले काटिएको र सोही अनुसार औंठीमा जोडिएको हुँदा त्यसको माथिल्लो भागबाट प्रकाश परावर्तन हुन पाउँदैनथ्यो र हिरा चम्किँदैनथ्यो । त्यसैले त्यो औंठी असली हिराको हो भन्ने कुराको भेउ सुरुमा कसैले पाउन सकेन ।

### पिज्जाको निबन्धले कमाल

अमेरिकामा पिज्जाले एकजना किशोरीलाई त्यहाँको प्रतिष्ठित विश्वविद्यालयमा भर्ना गराइदिएको छ । पिज्जाकै



कारण एकजना हाइस्कुलकी छात्राले विश्वकै अब्बल विश्वविद्यालयमध्येको एक याले विश्वविद्यालयमा भर्ना पाएकी छिन् ।

मानिसहरु राम्रो कलेज वा विश्वविद्यालयमा पढ्नका लागि के मात्र गर्दैनन् ? घण्टौं लेखपढ, भनसुन तथा मेहेनत र पुजाआजा समेत । तर क्यारोलिना विलियम्स नामकी किशोरीलाई चाहीँ आफ्नो मनपर्ने खानेकुरा पिज्जाको बारेमा दिल खोलेर लेखेको एउटा निबन्धले याले विश्वविद्यालयमा भर्नाको बाटो खोलिदियो ।

आफ्नो त्यो अविश्वसनीय सफलताको खुलासा उनले ट्विटरमार्फत गरेकी छिन् । यालेमा भर्ना हुन गाह्रो छैन । भर्ना हुन चाहने विद्यार्थीहरुले सुरुमा आफूलाई मनपर्ने चिजको बारेमा गज्जब लेख्नुपर्दछ ।

क्यारोलिनाले आफूलाई सबैभन्दा मनपर्ने चिज पिज्जाको बारेमा गज्जबको निबन्ध लेखिन् । उनको निबन्ध उत्कृष्ट ठहरियो र उनलाई याले विश्वविद्यालयले भर्नाका लागि छनोट गर्‍यो । यद्यपि उनी त्यसबीचमा अलाबामाको अर्बन युनिभर्सिटीमा चयन भएर सोही विश्वविद्यालयमा पढ्ने निधो गरिसकेकी थिइन् ।

### जन्मेलगत्तै बच्चा हिंड्न थाले पछि...

सोसल मिडियामा अहिले एउटा भिडियो भाइरल बनिरहेको छ । जहाँ ब्राजिलको एक अस्पतालमा जन्मिएको केही मिनेटपछि नै एकजना नवजात शिशु हिँड्न थालेको दृश्य छ ।

फेसबुकमै पनि लाखौँले हेरिसकेको र शेयर गरेको यो भिडियोमा नर्सको एउटा हातमा आफ्नो छाति अठ्याएर नवजात शिशु हिड्न खोजिरहेको देखिन्छ ।

अस्पतालको ड्रेसमा रहेकी ती नर्स शिशु हिँडेको भन्दै आश्चर्य मानेर चिच्याइरहेकी छिन् । आफूले नुहाइदिन थालेको बेला बच्ची हिँड्नका लागि उठेको उनले बताएकी छिन् । गत मे २६ मा सोसल मिडियामा



अपलोड गरिएको उक्त भिडियो दक्षिण ब्राजिलको सान्टा क्रुज अस्पतालमा खिचिएको हो ।

### बाख्राले खायो पैसा

आफ्नो बाख्रालाई घाँस नखुवाई भोकै राख्नु एकजना मानिसलाई निकै महँगो परेको छ । भारतको उत्तरप्रदेशस्थित कन्नौज जिल्लामा एकजना किसानले पालेको बाख्राले आफ्नै मालिकको गोजीबाट थुतेर ६६ हजार भारु अर्थात् झण्डै एक लाख रुपैयाँ खाइदियो ।

स्थानीय सर्वेस कुमारले आफ्नो घर बनाउनका लागि इँटा खरिद गर्न उक्त पैसा जम्मा गरेका थिए र इँटा किन्न जानका लागि पैसा गोजीमा राखेका थिए । गोजीमा पैसा राखेको पाइन्ट बाख्राको नजिकै झुण्डाएर उनले नुहाउन थालेछन् । त्यसबीचमा बाख्राले उनको गोजीको पैसाको बिटो थुतिदिएछ, उनलाई पत्तै भएन ।



जब नुहाइसकेपछि लुगा लगाउन उनी लुगा झुण्डाएको ठाउँतर्फ पुगे तब उनले बाख्राले घाँसजस्तै गरी पैसा चपाइरहेको देखे । २ हजार भारुका ३३ वटा नोटको बिटो बाख्राले खाइरहेको थियो । उनले केवल २ वटा नोट मात्र बचाउन सकने । अरु ३१ वटा नोट बाख्राले चपाइवरी निलिसकेको थियो ।


आफ्नै मूल्यभन्दा कैयौं गुणा धेरै मालिकको पैसा चपाइदिएपछि उक्त बाख्रो एकाएक सेलिब्रेटी बनेको छ । उक्त बाख्रालाई हेर्न भन्दै स्थानीय मानिसहरु सर्वेसकहाँ पुग्ने गरेका छन् ।

उनलाई कतिपयले पशु चिकित्सककोमा गएर बान्ता गर्ने औषधि खुवाएर पैसाका नोट बान्ता गराउने सल्लाह दिए भने कतिपयले बाख्रालाई अपराधीको रुपमा पुलिसकोमा बुझाइदिने सल्लाह दिए । तर सर्वेस र उनकी पत्नीचाहीँ आफ्नो घरपालुवा बाख्रोप्रति क्रुर बन्न सकेनन् । साँच्ची उनीहरु उक्त बाख्रोलाई सन्तानजस्तै माया गर्दछन् ।

*एजेन्सीहरुबाट*

प्रेरक

## जीवन हार्नका लागि होइन



स्वामी रामतीर्थको पहिलो भ्रमण थियो जापान । उनी जहाजमा चढेर जापान जाँदै थिए । उनको छेउको सिटमा एकजना वृद्ध जापानी पनि सवार थिए । उनको उमेर त्यस्तै नब्बे वर्ष जतिको हुँदो हो । रामतीर्थ भने भर्खर तीस वर्ष मात्र पुगेका थिए । वृद्ध जापानी चिनियाँ भाषा सिक्दै रहेछन् । हात लगलग कमाइरहेका जापानी बूढा चिनियाँ भाषा घोक्न व्यस्त थिए ।

संसारका भाषाहरूमध्ये चिनियाँ भाषालाई गाह्रो भाषा मानिन्छ । धेरै वर्षको मेहनतपछि मात्र कुनै पनि व्यक्तिले चिनियाँ भाषामा दखल राख्न सक्छ । यस्तो कडा भाषा सिक्ने सौख ती जापानी बूढाको देखेर रामतीर्थ छक्क परे । उनले सोचे- यिनले चाइनिज भाषा कहिले सिक्ने हुन् दश वा बीस वर्षमा ? यिनी अहिले नब्बे वर्षको हाराहारीमा पुगे जस्ता छन् । अब आयु कति होला ? दश वर्षमा चिनियाँ भाषा जाने भने बूढा सय वर्षका हुनेछन् । भाषा सिकेर त्यसको उपयोग कहिले गर्ने हुन् ?

रामतीर्थले जापानी वृद्धलाई सोधे- तपाईं कति वर्ष पुग्नुभयो ? वृद्ध जापानीले जवाफ दिए- नब्बे वर्ष पुग्दैछु । रामतीर्थले फेरि सोधे- तपाईं यो उमेरमा चिनियाँ भाषा सिक्दै हुनुहुन्छ कहिले सिक्नुहुन्छ र कहिले उपयोग गर्नुहुन्छ ? वृद्ध जापानीले जवाफ दिए- यस्तै विचारले हिन्दुस्तान पछि परेको हो । जीवन भनेको नयाँ कुराको प्रयोग गर्नु हो । जबसम्म मृत्यु हुँदैन तबसम्म मानिसले कुनै नयाँ कार्य गर्न छोड्नु हुँदैन । जीवनले हार्न जान्नु हुन्न । म मृत्यु अघिसम्म नयाँ कुरा सिक्न चाहन्छु ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

महत्वपूर्ण वस्तु हातलागी हुनाले मन प्रसन्न रहनेछ । प्रतीक्षित काम सम्पादन हुनेछ । आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सफल भइनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । साथीभाइले फाइदा दिलाउनेछन् । सामाजिक दायित्व बढ्नेछ । भूमि, वाहन र पैत्रिक सम्पत्ति प्रयोग गर्दा लाभ हुनेछ । व्यापारमा पनि राम्रै फाइदा हुनेछ । कीर्तिमानी काम गर्ने समय छ ।

### बृष

अरूका काममा श्रम तथा बुद्धि खर्चनु पर्ला । वचन पुऱ्याउन नसक्ता आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ । जिम्मेवारी भने बढिरहनेछन् । आफ्ना काम स्थगित हुनाले मन खिन्न हुनेछ । तर प्रयत्न गर्दा स्थितिमा सुधार आउनेछ । शुभचिन्तकहरूको मनोभाव विचार गरेर अघि बढ्नुहोला, मौकामा राम्रो सहयोग जुट्न सक्छ । सेवामूलक कामले आशा जगाउनेछ ।

### मिथुन

स्वास्थ्य कमजोर रहनाले योजना स्थगित हुन सक्छ । अध्ययनमा समय दिन नसकिएला । केही चुनौतीसमेत सामना गर्नुपर्नेछ । घरेलु समस्याले अल्झाउन सक्छ । तापनि शुभचिन्तकहरूले सहयोगको तत्परता देखाउनेछन् । अप्ठ्यारो परिस्थितिमा पनि केही काम बन्न सक्छन् । रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुहोला ।

### कर्कट

वादविवादले पुरानो सम्झौता भंग हुने सम्भावना छ । स्वास्थ्यमा केही समस्या आउन सक्छ । बुद्धिको उपयोगले काम सम्पादन हुनेछ । मिहिनेतले आम्दानी बढाउन सकिनेछ । आतिथ्यपूर्ण सम्मान प्राप्त हुन सक्छ । प्रेमको बन्धन कसिएला । रमाइलो यात्राको अवसर प्राप्त भए पनि सवारी साधन उपयोग गर्दा सावधानी अपनाउनुहोला ।

### सिंह

प्रयत्न गर्दा सजिलै लक्ष्य प्राप्ति हुनेछ । भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । शत्रुहरू किनारा लाग्नेछन् र प्रतिस्पर्धामा विजयी भइनेछ । रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । संघर्ष गरेरै अधिकार स्थापित गर्न सकिनेछ । व्यापारलगायत आर्थिक लाभ हुने काममा फाइदा हुनेछ । मिहिनेतले प्रतिस्पर्धाको दौडसमेत जिताउन सक्छ ।

### कन्या

अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । तर, अप्रिय समाचारले मन खिन्न हुनेछ । खानपानको असावधानीले स्वास्थ्य कमजोर बन्ला । अध्ययनमा समय दिन नसकिएला । व्यावसायिक काममा पनि त्यत्ति फाइदा नहोला । काममा अवरोध आउन सक्छ । गुरुजनको सल्लाह र सन्तानको सहयोगले फाइदा होला ।

### तुला

ढिलासुस्तीले काम बिग्रनुका साथै हातमा आएको मौका गुम्न सक्छ । ईर्ष्यालु मन भएकाहरूले सताउन सक्छन् । साथीभाइसँग असमझदारी बढ्ला । पहिलेका कामबाट सोचेको नतिजा प्राप्त नहोला । स्थायी सम्पत्तिमा विवाद आउन सक्छ । परिवारजन तथा आफन्तबीच आत्मीयतामा कमी आउला । तापनि, मिहिनेतसाथ रचनात्मक कार्यमा जुट्दा फाइदा हुनेछ ।

### बृश्चिक

विभिन्न उपहार प्राप्त हुने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेनेछ । प्रतिद्वन्द्वीहरूलाई सजिलै हराउन सकिनेछ । गरिएका कर्मको उचित प्रतिफल पाइनेछ । कृषिमा कामको चाप बढ्न सक्छ ।

### धनु

लगनशील बन्न नसक्ता अरूले आलोचना गर्न सक्छन् । आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ । अरूको विषयमा चासो राख्दा विवादमा परिने सम्भावना छ । सहयोगीहरू टाढिए पनि लगनशीलताले काम बन्नेछ । विगतको श्रमबाट सामान्य लाभ हुनेछ । तर, आलोचकहरूले सताउन सक्छन् । बोली( व्यवहारमा संयम रहनुहोला । हल्लाको भर पर्दा दुस्ख पाइनेछ ।

### मकर

विछोडिएका परिवारसँग भेटघाट हुनेछ । विगतका कमीकमजोरीलाई सुधार गर्ने अवसर प्राप्त हुनेछ । जिम्मेवारी प्राप्त भए पनि तत्काल फाइदा उठाउन भने नसकिएला । योजना अनिश्चित बन्नेछ । अवसरका लागि जोखिमपूर्ण काममा जुट्नुपर्ला । आगन्तुकले विशेष समयमा अलमल्याउन सक्छन् । आफ्नो सूचना बाहिरिन सक्छ, गोपनीयतामा ध्यान पुर्‍याउनुहोला ।

### कुम्भ

शुभचिन्तकहरूको सुझावलाई बेवास्ता गर्दा दुस्ख पाइनेछ । समयमा होश नपुग्नाले खर्च मात्र हुनेछ । प्रलोभन देखाउनेहरूले फसाउन सक्छन् । लगानीको तुलनामा कममात्र फाइदा हुने समय छ । ठूलो प्रयत्न गर्दा पनि उपलब्धि उठाउन मुस्किल पर्नेछ । परिवारजनबाट टाढिनुपर्ला । आफ्नै कमजोरीले विवादमा परिनेछ भने सद्विचारले अभिप्रेरित हुनेहरूलाई फाइदा हुनेछ ।

### मीन

पछिसम्म लाभ हुने काम प्रारम्भ होला । दिगो फाइदाका लागि लगानी बढाउने समय छ । विभिन्न भौतिक साधन प्राप्त हुनाले मन प्रसन्न रहनेछ । गरिएका कामको राम्रै मूल्यांकन हुनेछ । आयआर्जनका स्रोत बढ्नेछन् भने व्यापारमा मनग्य लाभ उठाउन सकिनेछ । आम्दानी बढ्नुका साथै परिवारजनका आवश्यकता पूरा गर्न सकिनेछ ।

## 'हर्के राजा' लिएर आउँदैछन् विराज

५ वर्षपछि एक्सन नायक विराज भट्ट गएको वर्ष रिलिज भएको फिल्म 'जय परशुराम' मार्फत नेपाली फिल्ममा कमब्यक गरे । ५ वर्षपछि कमब्याक गरेका विराजको 'जय परशुराम' ले बम्पर कमाई गर्ने विश्वास सबैको थियो तर सोचे जस्तो पैसा निर्माताले खल्तीमा हाल्न पाएनन् । अर्थात यो भनौं 'जय परशुराम' घरेलु बजारमा असफल सावित भयो । 'जय परशुराम' हिट नहुँदा अब फेरि विराज भोजपुरी फिल्ममा नै व्यस्त हुने चर्चा पनि नचलेको होइन तर अब उनी चाँडै नयाँ फिल्म लिएर दर्शकमाझ आउने भएका छन् ।

उनका अनुसार, अहिले नयाँ फिल्मको कथा लेखन कार्य भैरहेको छ । उनी भन्छन्, 'नेपाली र भोजपुरी फिल्ममा काम गर्दा यता र उताको संस्कृति साटासाट हुन्छ । म भोजपुरी र नेपाली फिल्मलाई जोड्न चाहन्छु । दुई फिल्म क्षेत्रबीच निकटता कायम गर्न म प्रयासरत छु ।' उनको नयाँ फिल्मको नाम 'हर्के राजा' राखिएको छ । उनले आफ्नो नयाँ नेपाली फिल्मको बारेमा अन्य जानकारी दिन नचाहे पनि कलाकार दीपक घिमिरे र सन्दीप साटकोटा भने फिल्मको मुख्य भूमिकामा फाइनल भैसकेको जानकारी दिए । यो फिल्मको छायांकन साउन २९ गतेबाट सुरु हुँदैछ ।

## 'रोमियो' को रिलिज डेट सऱ्यो

शंकर कार्कीको निर्देशन रहेको 'रोमियो' को नयाँ रिलिज डेट घोषणा गरिएको छ । यसअघि वैशाख २९ गते रिलिज हुने भनिएको फिल्म 'रोमियो' अब कात्तिक १७ गतेबाट सिनेमा घरहरुमा लाग्नेछ । वैशाख ३१ मा सम्पन्न पहिलो चरणको स्थानीय निर्वाचनकै कारण फिल्मको प्रदर्शन मिति सरेको बताइएको छ ।

फिल्ममा हसनराजा खानसँगै निशा अधिकारी, ओसिमा बानु र मेलिना मानन्धर मुख्य भूमिकामा रहेका छन् । एचआरके प्रोडक्सनको ब्यानरमा हसनराजाले निर्माण गरेको फिल्ममा रामेश्वर कार्कीको छायांकन र किरण घिमिरे 'माइकल' ले कथा लेखेका हुन् । सुरेन्द्र पौडेलले सम्पादन गर्ने बताइएको फिल्ममा अष्ट महर्जनको एक्सन, गम्भीर विष्ट र विपेन गुरुङको कोरियोग्राफी रहनेछ । फिल्मको 'ल्याङ ल्याङ' बोलको गीतको अडियो हिट भैसकेको छ ।

## 'प्रेमगीत २' को फोटोहरू लिक

चलचित्र 'प्रेमगीत २' को क्लाईमेक्स सीनका फोटोहरु यतिबेला सामाजिक सञ्जालमा भाइरल भएको छ । चलचित्रको क्लाईमेक्स सीनको एक्सन गरिरहेका फोटोहरु लिक भएको हो । 'प्रेम गीत २' कै एकजना क्रु मेम्बर चन्द्र भुजेलले आफ्नो फेसबुकबाट चलचित्रको क्लाईमेक्स सीनको फोटोहरु लिक गरेका हुन् । क्लाईमेक्स सिनको तस्बिरहरु लिक भइसकेपछि फाइनल भइसकेको ट्रेलरमा पनि केही थपघट गरिने निर्माता सन्तोष सेनले बताएका छन् ।

आफूहरुले गर्न लागेको एक्सन नेपालमा नै नयाँ भएको बताउँदै निर्माता सेनले भने, 'हाम्रो फिल्ममा भएको एक्सन नेपालमा एकदमै नयाँ प्रकारको एक्सन हो । यस्तो एक्सन हलिउड र थाई चलचित्रहरुमा मात्र हुन्छ जसलाई हामीले पहिलोपटक नेपाली चलचित्रमा प्रवेश गराएका छौँ ।' चलचित्र भित्रकै मानिषहरुको संलग्नता भए पनि यसको छानविन गर्नको लागी पुलिस प्रशासनको सहयोग लिन सकिने निर्माता सेनले बताए । साउन १३ गते प्रदर्शनको तयारीमा रहेको चलचित्रको पोस्ट प्रोडक्सनको काम अन्तिम चरणमा पुगेको छ । आशुसेन फिल्म्सको ब्यानरमा बनेको चलचित्रलाई पुरुपोत्तम प्रधानले खिचेका हुन् भने रामशरण पाठकले निर्देशन गरेका हुन् । चलचित्रमा प्रदिप खड्का, अश्लेषा ठकुरी, कैलाश कटुवाल, कविता रेग्मी, शिशिर भण्डारी, कुमार कार्की लगायतका कलाकारहरुको अभिनय रहेको छ ।

## कर्मको फल

शुभ मिडिया होमको प्रस्तुतीमा निर्माण भएको टेलिचलचित्र 'कर्मको फल' नेपालीसहित पाँच भाषामा निर्माण भएको छ । जस अन्तर्गत भोजपुरी, मैथली, नेवारी, तामाङ भाषाहरु छन् । एनटिभीबाट प्रत्येक बुधवार राति ७ बजेर २५ मिनेटमा समाजको ऐना कार्यक्रमअन्तर्गत प्रशारण हुने 'कर्मको फल' मा जस्तो काम गऱ्यो त्यस्तै फल पाइन्छ भन्ने कुरा देखाइएको छ । सरोज ओलीद्वारा निर्देशित चलचित्रमा रबि डंगोल र रमेश बुढाथोकीका साथै गौरी मल्ल, मञ्जु श्रेष्ठ, शिवहरि आचार्य, नीरज नेपाल, कमल नेपाल, बिष्णु बुढाथोकी, मुकुन्द आचार्य लगायतका कलाकारहरुको अभिनय रहेको छ । रबि डंगोल टेलिचलचित्रमा एक कालोबजारी गर्ने ब्यापारीको भूमिकामा देखिएका छन् भने कलाकार रमेश बुढाथोकी भने सम्पूर्ण प्रक्रिया पूरा गरी ब्यापार गर्ने ब्यापारीको भुमिकामा देखिएका छन् । टेलिचलचित्रमा नियम संगत ब्यापार गर्ने र कालोबजारी गरी नियम विपरीत ब्यापार गर्ने बीचको फरकलाई देखाइएको छ ।

## बर्षाको तस्बिरले दीपाश्रीलाई किन बढ्यो तनाव ?

चलचित्र 'छक्का पन्जा २' को छायांकन अन्तिम चरणमा छ । एउटा गीतको छायांकन असार ५ गते गर्ने गरी अन्य छायांकन सकिने निर्माणपक्षले जानकारी गराएको छ । गत वर्षको सर्वाधिक सफल यो चलचित्रको नामको पछाडि २ थपेर तयार पारिएको 'छक्का पन्जा २' पनि दर्शकका लागि प्रतिक्षित नै हुने भयो । दर्शकले यो चलचित्रमा नायिका बर्षा राउतलाई गाउँकी एक महिलाको भूमिकामा देखेका थिए । तर, नायिका राउतको गेटअपको तस्बिर सार्वजनिक भएपछि निर्देशक दीपाश्री निरौलालाई भने तनाव बढेको छ ।

दीपा बर्षाको तस्बिर छायांकन सेटबाटै लिक नहोस् भन्ने चाहन्थिन् । तर स्वयंम नायिका र अन्य कलाकारले फेसबुकमा तस्बिर राखिदिए । यसपटक दर्शकले बर्षालाई आधुनिक युवतीको भूमिकामा देख्न सक्नेछन् ।

दर्शकले 'छक्का पन्जा' की बर्षालाई 'छक्का पन्जा २' मा विल्कुलै फरक भूमिकामा देख्नेछन् । दीपकराज गिरी, जीतु नेपाल, केदार घिमिरे, शिवहरि पौडेल, किरण केसी, प्रियंका कार्की, बर्षा राउत, स्वस्तिमा खड्का, स्वरुप पुरुष ढकाल लगायतका कलाकारले अभिनय गरेको यो चलचित्र असोज ११ गतेबाट रिलिज हुँदैछ ।

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Substantiate = यथार्थमा परिणत गरी देखाउनु Substantiating every concept requires both time and resources (कुनै पनि सोचलाई यथार्थमा परिणत गर्न समय र स्रोत दुवैको उत्तिकै आवश्कता पर्दछ )

Trepidation = भय Having a feeling of trepidation before interview is a normal phenomenon (अन्तर्वार्ताको अगाडि डरलाग्नु एक सामान्य प्रवृत्ति हो)

Unravel= बाधा अड्चन फुकाउनु । समाधान गर्नु She is quite pragmatic and unravel any complexity without much effort (तिनी ज्यादै व्यावहारिक छिन् र कुनै पनि समस्याविना ठूलो प्रयास सजिलै समाधान गर्दछिन् आफूले दर्शाएको जति नै प्रेम नदर्शाएकोमा उनी आफ्नो प्रेमीप्रति क्रोधित भइन्)

Virtuous = अति नै दक्ष कलाकार Already at the age of 18, he was quite a virtuous (१८ औं वर्षको उमेरमा ऊ दक्ष कलाकार बनिसकेको थियो)

Woe = गहिरो सहन नसकिने वेदना वा दुःख At his mother's demise, he passed many days with woe (आमाको मृत्युमा उसले धेरै दिनसम्म दुखित भएर बितायो)

Artless = छक्का पंजा गर्न नजान्ने, पूर्वाग्रह विना He is expert in making artless comment (ऊ विना पूर्वाग्रह टिप्पणी गर्दछ)

Brevity = छोटोपन When you send a telegram, brevity is essential because you have to pay for every word (यदि तिमी टेलिग्राम पठाउँदैछौ भने छोटकरी गर्नु आवश्यक छ किनकी तिमीले हरेक शब्दको लागि पैसा तिर्नु पर्दछ )

Craven = कातरपूर्ण His craven refusal to join the protest was criticized by all (जुलुसमा भाग नलिने उसको कातरपूर्ण नकारोक्तिको सबैद्वारा आलोचित भयो)

Dissemble = वाहना बनाउनु, छक्याउनु Although he dissembled his motive to go to tuition was to study, all knew that he went there because his girl friend was there (ट्यूसनमा जाने भनेर उसले सबैलाई छक्याए तापनि उसको केटी साथी त्यहाँ भएको हुनाले ऊ त्यहाँ गएको हो भन्ने सबैले थाहा पाए)

Extrovert = बहिर्मुखी Extroverts always prefer to lively conversation and establish contact with others (बहिर्मुखीहरु छलफल गर्न र अरुहरुसँग सम्पर्क स्थापित गर्न मनपराउँछन्)

## सामान्य ज्ञान प्रश्नोत्तरहरू

कुकर जस्तो कराउने माछा कहाँ पाइन्छ ?
- मिसिसिपी

सर्पलाई खाने भ्यागुतोको नाम के हो र कहाँ पाइन्छ ?
- लेप्टा पेनटा, अमेरिका

'हामी बाँच्न तयारी गरिरहन्छौं तर बाँच्न भने कहिल्यै सक्दैनौं' कसको भनाइ हो ?
- इमर्सन

सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को कति संस्थाहरू सेवामा संलग्न थिए ?
- ११७ वटा

'जो मानिसले अनासक्त र निःस्वार्थ भावले काम गर्छ त्यसले ईश्वर देख्न सक्छ' कसको भनाइ हो ?
- गीता

चराको बच्चालाई के भनिन्छ ?
- बचेरा

अन्तर्राष्ट्रिय प्रतियोगितामा म्याराथुन दौड पूरा गर्ने प्रथम नेपाली को हुन् ?
- भक्तबहादुर सापकोटा

सन् १९८८ दक्षिण कोरियामा भएको ओलम्पिक खेलमा सहभागी राष्ट्र कति थिए ?
- १६०

५ वर्षसम्म लगातार ५६ किलोमिटर बाटो दौडने प्रथम व्यक्ति को हुन् ?
- स्पाइरोस लुइस

दक्षिण कोरिया र नेपालको समयमा कति फरक छ ?
- नेपाली समय ४:१५ मिनेट ढिला

उम्मेदवारको छनौटको लागि परीक्षा लिने चलन कुन देशबाट चल्यो ?
- चीन

## फरक थाहा पाई राख्नुहोस्

Repulsed = अनुरोधलाई नकार्नु The girl repulsed everyone who wanted to dance with her उनीसँग नाच्न गरेको हरेकको अनुरोधलाई ती केटीले नकारिन्

Repent= आफूले गरेको गल्तिका लागि पछुताउनु He repented of the loss made because of his negligency आफ्नो लापरवाहीको कारण हुन गएको क्षतिको लागि उसले पछुतायो ।

Regret = नसकेकोमा दुःख मान्नु I regret for not having returned to you the novel in time बेलैमा तिमीलाई उपन्यास फर्काउन नसकेकोमा मलाई दुःख लागेको छ ।

Repertoire/Repertory = दुरुस्तै प्रस्तुत गर्नु He is a good repertoire of the song sung by Narayan Gopal ऊ नारायण गोपालको गीत दुरुस्तै प्रस्तुत गर्न सक्ने व्यक्ति हो ।

Live = स्थायी रुपबाट बस्नु He has been living at Baneswore since 1958 ऊ १९५८ देखि बानेश्वरमा बस्दै आएको छ ।

Reside = अस्थायी रुपबाट बस्नु The governor resides in a mansion furnished by the state राज्यले सुविधाको रुपमा दिएको महलमा गभर्नर आजकाल बस्छन् ।

Dwell = तरिका पुऱ्याएर बस्नु He dwells in an aristocratic manner उ स्रंभान्त पाराले बस्छ ।

Motion = औपचारिक प्रस्ताव The MPs in opposition filed a non-confidence motion last week गत हप्ता सांसदहरूले अविश्वासको प्रस्ताव दर्ता गरे ।

Resolution = सबै पक्षले अनुमोदन गरेको प्रस्ताव The assembly adopted a resolution in favor of the children साधारणसभाले बालबालिकाको पक्षमा प्रस्ताव अनुमोदन गऱ्यो ।

## सुडोकु-अंक ५७

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ८ | | ३ | | ४ | | |
| | ७ | ३ | ४ | | ६ | ५ | १ | |
| | ४ | | | | | | ३ | |
| ४ | ६ | | ५ | | ३ | | ९ | |
| | | | ७ | | ८ | | | |
| | ३ | | ९ | | ४ | | २ | |
| | ९ | | | | | | ८ | |
| | ५ | ४ | १ | | २ | ७ | ६ | |
| | | १ | | ४ | | २ | | ३ |

## अंक ५६ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ३ | ७ | १ | ८ | ९ | ६ | २ | ५ |
| ८ | २ | ९ | ५ | ७ | ६ | १ | ३ | ४ |
| १ | ६ | ५ | २ | ४ | ३ | ७ | ८ | ९ |
| ६ | ८ | १ | ३ | ९ | ४ | ५ | ७ | २ |
| ७ | ४ | ३ | ८ | ५ | २ | ९ | १ | ६ |
| ५ | ९ | २ | ७ | ६ | १ | ८ | ४ | ३ |
| २ | ५ | ६ | ४ | १ | ७ | ३ | ९ | ८ |
| ९ | ७ | ४ | ६ | ३ | ८ | २ | ५ | १ |
| ३ | १ | ८ | ९ | २ | ५ | ४ | ६ | ७ |

# १२ जुन विशेष








बालश्रम विरूद्धको विश्व दिवसको र्‍यालीका केही झलकहरू



कविता वाचन गर्दै बालबालिका



कविता वाचनमा प्रथम बालिकालाई पुरस्कृत गर्दै नवनिर्वाचित वडाध्यक्ष



चित्रकलाका सहभागिहरू





सडक नाटकमा अभिनय गर्दै बालबालिकाहरू



नवनिर्वाचित वडाध्यक्ष र सदस्यहरूलाई स्वागत

# जनचेतनामुलक कार्यक्रमहरू एवं सडक नाटक

**जनचेतनामुलक कार्यक्रमहरु**

बालविकास समाजको सक्रियता तथा जिल्ला बालकल्याण समितिको पहलमा गठन भएका साबिक नगरकोट नगरपालिका वडा नं १,२,३ र ११,१२,१३ हाल चाँगुनारायण नगरपालिका ६ र ९ र सूर्यविनायक नगरपालिका वडा नं ५ र ६ मा वडास्तरीय बाल संरक्षण तथा संम्बर्द्धन समितिहरुले बालबालिकाको अधिकारको प्रवर्द्धनका लागि बालश्रम बिरुद्धको विश्व दिवस, १२ जूनको उपलक्ष्यमा द्वन्द्व तथा विपद् मा बालबालिकालाई बालश्रमबाट संरक्षण गरौं भन्ने नाराका साथ जनचेतनामूलक कार्यक्रम संचालनमा निक्कै सक्रियता देखिएका छन् । जोखिममा रहेका बालबालिकाको संरक्षणका लागि समुदायका प्रत्येक व्यक्तिलाई बालबालिकाका मुद्दाहरुमा सचेत बनाउनु पर्छ भन्ने अभिप्रायका साथ ती समितिहरुले समुदायमा आफ्नो सक्रियता बढाएका हुन् ।

यसै क्रममा गत जेष्ठ २७ गते शनिबारका दिन सूर्यविनायक न.पा.वडा नम्बर ६ को वडा स्तरीय बाल संरक्षण तथा सम्वर्द्धन समितिको आयोजनामा सोही वडामा बालश्रमसम्बन्धी चित्रकला प्रतियोगिता गरियो। प्रतियोगितामा करिब ३२ जना बालबालिका सहभागी भएका थिए । कार्यक्रममा उत्कृष्टलाई पुरस्कृत पनि गरिएको थियो । साथै सहभागी बालबालिकाहरुलाई हतोत्साहित नहुन् भन्ने उद्देश्यले प्रत्येकलाई पुरस्कारस्वरूप कापी र कलम प्रदान गरिएको थियो ।

यसै क्रममा बालश्रम विरुद्धको विश्व दिवस, जेष्ठ २९ गते सोमबारका दिन सोही नगरपालिकाका वडा बाल संरक्षण तथा सम्बर्द्धन समितिहरुले संयुक्त रुपमा जनचेतनामुलक बालश्रम विरुद कविता वचन प्रतियोगिता आयोजना गरेका थिए । जसमा नवनिर्वाचित वडा अध्यक्षलगायत सदस्यहरुको सहभागिता रहेको थियो । समुदायका विभिन्न स्थानमा रहेका बालबालिका तथा अभिभावकहरुलाई बाल अधिकार तथा श्रमसम्बन्धी सजग बनाउने उद्देश्यअनुरुप सो प्रतियोगिता गरिएको थियो । कार्यक्रममा करिब १५८ भन्दा बढी बालबालिका तथा अभिभावकहरुको उपस्थिति रहेको थियो । यस वडामा पनि बालश्रम बिरुद उत्कृष्ट कविता वचन गर्ने बालबालिकाहरुलाई पुरस्कार प्रदान गरिएको थियो । तर सहभागी बालबालिकाहरुलाई पनि हतोत्साहित हुन नदिन प्रथम, द्वितीय तथा तृतीय हुने बालबालिकाबाहेक अन्य सहभागी बालबालिकाहरुलाई समेत प्रमाणपत्र प्रदान गरिएको थियो ।

सोही दिन वडा नम्बर ६ को वडा स्तरीय बाल संरक्षण तथा सम्वर्द्धन समितिको आयोजनामा वडा स्तरीय खुल्ला हाजिरीजवाफ गरियो । उता प्रतियोगितामा करिब १२ जना बालबालिका सहभागी भएका थिए । यस वडामा बालश्रम तथा अन्य बिषयगत सम्बन्धी प्रश्नहरु सोधिएको थियो । नवनिर्वाचित वडा अध्यक्षद्वारा उत्कृष्टलगायत अन्य सहभागीहरुलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरियको थियो ।

त्यस्तै सोही दिन सूर्यविनायक न. पा. वडा नम्बर ५ ले पनि नवनिर्वाचित वडा अध्यक्ष राजकुमार जोशीको आतिथ्यमा साबिक सयुक्त वडा सचिव लगायत अन्य निर्वाचित सदस्यहरुको उपस्थितिमा बालश्रमसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । नवनिर्वाचित वडा अध्यक्ष लगायत उपस्थित सबैले आउँदो ४ वर्षको कार्यकाल अवधिमा आफ्नो वडालाई बालश्रममुक्त वडा बनाउने प्रतिबद्धता गर्दै हस्ताक्षर पनि गर्नु भएको थियो साथै समुदायका व्यक्तिहरुसंग पनि आफ्नो वडालाई एउटा नमूना वडाको रुपमा अगाडि बढाउने र जिल्लामा परिचित गराउने प्रतिबद्धता गर्दै कार्यक्रम समापन गरियो ।

**संस्थाद्धारा सडक नाटक प्रदर्शन तथा र्‍यालीमा सहभागी**

बाल विकास समाज तथा बालविकास बाल क्लवको संयुक्त आयोजनामा १६ औं बालश्रम विरुद्धको विश्व दिवसको अवसरमा सडक नाटक प्रस्तुत गरिएको हो । उक्त नाटकमा अझै पनि हाम्रो देश नेपालमा बालबालिकाहरु श्रममा लाग्न बाध्य भएका र बालश्रमको संख्यामा कमी आए तापनि पूर्ण रुपमाउन्मूलन हुन नसकेको कुरा देखाउन खोजिएको थियो । बालक्लव तथा बाल सल्लाहकार समितिका पदाधिकारीहरुद्वारा अभिनित नाटकमा बालश्रम उन्मूलनका लागि सरोकारवाला तथा अभिभावक एवं बालबालिकाको भूमिका के हुन सक्छ भन्ने कुराको सन्देश दिन खोजिएको थियो । बालबालिकाहरुले ३ दिनसम्म अभ्यास गरी उक्त नाटक चावहिलको स्तूपामा २७ गते प्रदर्शन गरिएको थियो । नाटक व्यवस्थापनमा संस्थाका कर्मचारीको भूमिका रहेको थियो । उक्त सडक नाटक प्रदर्शनपश्चात् नाटक हेर्ने दर्शकहरुले नाटक सन्देशमूलक रहेको प्रतिक्रिया दिएका थिए । बालबालिकाहरुले एक दम राम्रो अभिनय गरेका र यसबाट बालश्रम उन्मूलन गर्न सरोकारवाला पक्षहरुको भूमिका महत्वपूर्ण हुने कुराको अनुमान नाटक हेर्ने दर्शकहरुले गरेका थिए । बालविकास समाजले हरेक वर्ष हुने बालश्रम विरुद्धको विश्व दिवसको अवसरमा विभिन्न कार्यक्रमहरु गर्दै आइरहेको छ ।

यसैगरी श्रम विभागको नेतृत्वमा जुन १२ का दिन तीनकुनेदेखि माइतीघर मन्डलासम्म र्‍याली सम्पन्न भएको छ । सो र्‍यालीमा विभिन्न संघ संस्थाहरुको बाक्लो सहभागिता रहेको थियो । सबै संस्थाहरु आआफ्नो ब्यानर लिएर र्‍यालीमा सहभागी भएको थियो । र्‍यालीमा बालश्रम अपराध हो, बालश्रम रोक्न



बालश्रमसम्बन्धी अन्तर्क्रिया कार्यक्रम

सबै लागौं, बालश्रम देखेमा उजुरी गरौं जस्ता नारा लगाएका थिए । १६ औं बालश्रम विरुद्धको विश्व दिवसको दिन आयोजित र्‍यालीमा बालविकास समाजमा अध्यक्ष सुवास गौतम तथा संस्थामा कार्यरत सबै कर्मचारीहरुको सहभागिता रहेको थियो । यस र्‍यालीबाट बालश्रम प्रयोग गर्ने मानिसहरुको मनमा केही झस्का परेको कुरा सहजै अनुमान गर्न सकिन्छ । बालश्रम प्रयोग हुन नदिनका लागि सबै पक्ष एक भएर लाग्नु पर्ने कुराको सन्देश पनि यस र्‍यालीले दिएको थियो । हरेक वर्ष श्रम विभागको नेतृत्वमा हुने र्‍यालीबाट बालश्रम उन्मूलनका लागि थप टेवा पुगेको छ । त्यसकारण यो वर्षको जुन १२ मा पनि सोही प्रकारको र्‍याली सम्पन्न भएको हो ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

## दुई...

थियो । निर्वाचन कार्यालयहरुमा तोडफोड गर्ने, प्रशिक्षणमा भेला भएका निर्वाचन अधिकृतहरुलाई कब्जामा लिई थुन्ने, अन्य पार्टीहरुको निर्वाचन प्रचारप्रसारमा अवरोध पुऱ्याउने जस्ता निर्वाचन विरोधी गतिविधि राजपाले गर्दै आएको थियो । सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा भएको वार्तापछि निर्वाचन स्थगित गर्ने सहमति भएपछि गृहमन्त्री जनार्दन शर्माले स्थानीय तहको निर्वाचनमा राजनीतिक दलको सहभागिता व्यापक बनाउन २ नं. प्रदेशको निर्वाचन तेस्रो चरणमा गर्ने निर्णय भएको बताएका छन् ।

## रामदेव...

कठोर दमनमा उत्रिएको छ । बाब रामदेवले भने गोर्खाल्यान्ड आन्दोलनको खुलेरै समर्थन गरेका छन् । उनले भनेका छन्- भाषाका आधारमा तेलंगना राज्य बन्न सक्छ भने गोर्खाल्यान्ड दिन किन आपत्ति ? भाषा र जातिका आधारमा नै महाराष्ट्र तमिलनाडु लगायतका भारतका राज्यहरु बनाइएका हुन् । दार्जिलिङमा नेपाली भाषीहरुको बाहुल्यता रहेकाले गोर्खाल्यान्डको माग जायज रहेको पनि उनले प्रस्ट पारेका छन् । नेपाली टोपी शिरमा लगाएर गोर्खाल्यान्ड आन्दोलनको समर्थन बाब रामदेवले गरेपछि दार्जिलिङबासीलाई आन्दोलनमा थप ऊर्जा प्राप्त भएको छ । भारतमा भारतीय जनता पार्टीलाई जिताउन रामदेवले निकै अहं भूमिका खेलेका थिए । हरेक योग शिविरहरुमा कालोधनको विषय उठाएर उनले कांग्रेस आईलाई नांगेझार बनाउने गर्थे । कांग्रेस अध्यक्ष सोनिया गान्धी र पुत्र राहुलका कडा आलोचक रामदेवले चुनावताका भन्ने गर्थे- अब सोनियाका माइके इटाली जानेका बख्त आ रहा है, राहुल भी मामाघर ही जायेंगे । चुनाव परिणाम नभन्दै त्यस्तै आयो । कांग्रेसले शर्मनाक पराजय व्यहोर्नुपर्‍यो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको रामदेवले खुबै तारिफ गर्ने गर्छन् । चाणक्यके वाद भारतमे मोदीका उदय हुआ है । रामदेवले गोर्खाल्यान्डका पक्षमा बोलेपछि मोदीले के सोच्दै छन् कुन्नि ?

## गोर्खाल्याण्ड...

तर अलग राज्य दिने नदिने भन्ने विषय भारतको आन्तरिक मामिला हो ।

भारतमै तेलंगना राज्यको माग उठ्यो । केन्द्र सरकारले तेलंगना अलग राज्य दियो । भारतमा नयाँ राज्यहरु जन्मिने क्रम जारी छ । बिहारबाट झारखण्डले आफ्नो अलग अस्तित्व बनायो । सुगौली सन्धिअघि नेपालको भूभागले अहिले उत्तराखण्ड प्रदेशको अस्तित्व बनाएको छ । पन्जावको दक्षिणी भूभागमा खालिस्तान नामक छुट्टै राज्यको माग भइरहेको छ । खालिस्तान आन्दोलनका नेता भिन्डरेवालाई स्वर्ण मन्दिर सैनिक कारबाहीमा इन्दिरा गान्धीले हत्या गराएपछि सुस्ताएको खालिस्तान आन्दोलन नयाँ शिराबाट उठिरहेको छ । त्यहाँ पनि केन्द्र सरकारले दमन जारी राखेको छ । संयुक्त राष्ट्र संघको रोहवरमा भएको कास्मिरमा स्वतन्त्र जनमत संग्रह गराउने निर्णयलाई भारतले अहिलेसम्म पनि नजरअन्दाज गरिरहेको छ । सतहमा हेर्ने हो भने कस्मिर आन्दोलन र गोर्खाल्यान्ड आन्दोलनको चरित्र र उद्देश्य नै बिल्कुल फरक छ ।

भारतमा थुप्रै पृथकतावादी आन्दोलनहरु चलिरहेका छन् । आसाम, नागाल्यान्ड, त्रिपुरा, खालिस्तान, कस्मिर जस्ता क्षेत्रहरुमा भारतबाट स्वतन्त्र हुन आन्दोलन भइरहेका छन् र छुट्टै देशको आन्दोलनसँग भारत लडिरहेको छ । आन्दोलनमा हजारौं आन्दोलनकारी र सैनिकहरु मारिरहेका छन् । तर दार्जिलिङमा भइरहेको हालको आन्दोलन भाषिक मतभेदसँग मात्र सम्बन्धित छ । भारतबाट अलग भएर नेपालसँग गाभिनका लागि गरिएको पृथकतावादी आन्दोलन होइन । भारतभित्रै रहने गरी खाली भाषिक र जातीय पहिचान मात्र गोर्खाल्यान्ड आन्दोलनले चाहिरहेको छ । तर यो दिन पनि केन्द्र सरकार तयार छैन । गोर्खा जनमुक्ति मोर्चाले गोर्खाल्यान्ड राज्यका लागि लामो समयदेखि अहिंसात्मक आन्दोलन गरिरहेको छ । केन्द्र सरकारले गोर्खा टेरेटोरियल एडमिनिस्ट्रेसन (जिटिए) दिएर दार्जिलिङलाई सीमित स्वायत्तता प्रदान गरे पनि दार्जिलिङबासीले भने गोर्खाल्यान्ड राज्य नै मागिरहेका छन् । नेपाली भाषामाथि राज्य सरकारले अतिक्रमण गरेपछि गोर्खा जनमुक्ति मोर्चासहित दार्जिलिङका नौवटा राजनीतिक दलहरुले संयुक्त मोर्चा बनाएर गोर्खाल्यान्ड राज्यका लागि भिषण आन्दोलन गर्न थालेका छन् ।

दक्षिण एसियाली देशहरुको सार्वभौमिकता र अक्षुण्णताको सम्मान गर्न भारत समयसमयमा चिप्लिँदै आएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बलुचिस्तानलाई पाकिस्तानबाट अलग गर्नुपर्ने अभिव्यक्ति सार्वजनिक रुपमै दिएपछि भारतीयहरुका माझ नै उनी आलोचित भए । आफ्नै देशभित्रका पृथकतावादी आन्दोलनको अन्त्य गर्न असफल मोदी प्रशासनले दार्जिलिङको आन्दोलनलाई पनि नेपालसँग जोडेर हेरिरहेको छ । लाखौं नेपाली भाषी भुटानीहरुलाई भारतकै सहयोगमा जिग्मे सरकारले भुटानबाट लखेटेको थियो । गोर्खाराज्य विस्तारताका भुटानको केही भागसमेत गोर्खाली सेनाले अधिन गरेको थियो । गोर्खाल्यान्ड आन्दोलनलाई भारतले ग्रेटर नेपालको चस्माले हेरिरहेको छ जससँग कुनै साइनो नै छैन । आफ्नो भाषिक अधिकार र संस्कृतिमाथि हस्तक्षेप हुन थालेपछि दार्जिलिङबासीले नेपालमा गाभिन चाहने इच्छा अभिव्यक्त गरेपछि भारत झन् सशंकित देखिएको छ । भारतीय प्रम मोदीले गोर्खाल्यान्ड मागप्रति आमनिर्वाचनताका समर्थन गरेका थिए । दार्जिलिङबासीले भाजपाकै उम्मेदवारलाई सांसदमा जिताएर पठाए । तर अहिले न त मोदी न त आफ्ना क्षेत्रका सांसदले नै गोर्खाल्यान्डको विषय उठाए । यसले दार्जिलिङबासीलाई निकै आक्रोशित तुल्याएको छ ।

गोर्खाल्यान्ड आन्दोलनलाई कतिपयले मधेस आन्दोलनसँग समेत साइनो जोड्न खोज्दैछन् । संविधानप्रति अपनत्व ग्रहण नगरेका एउटा समुदाय र दार्जिलिङबासीको आन्दोलन उस्तै होइन । मधेसी जनताको भाषा, संस्कृतिलाई संविधानले विभेद गरेको छैन । बरु भारतीय गुप्तचर संस्था रअले मधेसलाई अनेकौं हत्कण्डा अपनाएर नेपालबाट पृथक बनाउने साजिस रचिरहेको छ । नेपालको स्वतन्त्रता र सार्वभौमिकताको कदर गर्न कन्जुस्याइँ गरिरहेको भारतले सितिमिति तवरले गोर्खाल्यान्ड राज्य दिने छैन । यसका लागि निर्मम आन्दोलनको विकल्प दार्जिलिङबासीसँग छैन पनि । पहिचानको यस्तो लडाइँले तत्काल नजित्ला तर लडाइँ सधैं चल्ने भने निश्चित छ । गोर्खाल्यान्ड यदि भयो नै भने पनि त्यसले नेपालमा पार्ने प्रभाव भने शून्य छ । जब नेपाल समृद्ध बन्नेछ त्यसबेला भने यसले अर्कै महत्व बोक्नेछ ।

पश्चिम बंगाल राज्य सरकारका शिक्षामन्त्री पार्थ चटर्जीले विद्यालयको पाठ्यक्रममा बंगाली भाषा अनिवार्य गर्ने सार्वजनिक मन्तव्य राखेयता दार्जिलिङलगायत पहाडी क्षेत्र करिब ३ सातादेखि अशान्त छ । बहुल संख्याका नेपालीभाषीले दार्जिलिङ, खर्साङ, कालिम्पोङ र मिरिक क्षेत्रमा दिनहुँ आन्दोलन चर्काइरहेका छन् ।

आन्दोलनरत गोर्खा जनमुक्ति मोर्चा (गोजमो) ले प्रत्येक सोमबार सरकारी कार्यालय बन्द गराउने योजनाअनुसार त्यहाँका सरकारी कार्यालय बन्द गराएको दाबी गरेको छ । आन्दोलनमा राँके जुलुस प्रदर्शन गर्ने, सरकारी कार्यालय बन्द गराउने जस्ता कार्यक्रम भइरहेका छन् ।

अहिले पश्चिम बंगालस्थित पहाडी क्षेत्रका विद्यालयमा नेपाली, अंग्रेजी र हिन्दी भाषा अनिवार्य छन् । बंगाली भाषा अनिवार्य गर्ने हो भने नेपाली, अंग्रेजी र हिन्दीमध्ये एक हटाइने शिक्षामन्त्री चटर्जीले बताएका छन् ।

'थ्रि ल्याङ्ग्वेज फर्मुला' अनुसार यहाँका विद्यालय तहमा ४ वटा भाषा अनिवार्य हुने सम्भावना देखिँदैन । र, यहाँका नेपालीभाषीको आशंका छ- पश्चिम बंगाल सरकारले बंगाली भाषा अनिवार्य गर्नेबित्तिकै नेपाली भाषा नै पाठ्यक्रमबाट हटाउनेमा पहिलो 'तार्गेट' बन्नेछ, जुन नेपाली भाषामाथिको अन्याय हो ।

पश्चिम बंगाल सरकारको मुख्यमन्त्रीमा ममता बेनर्जी निर्वाचित भएपछि नेपालीभाषीको नेतृत्वकर्ता गोजमोसँग उनको सम्बन्ध उति सुमधुर मानिँदैन । त्यसैले पनि बेनर्जीले नेपाली भाषामाथि हमला गर्दै गोर्खाल्यान्ड आन्दोलन कमजोर बनाउन 'भाषामा राजनीति' गरेको मोर्चाको आरोप छ । मोर्चाका महासचिव रोशन गिरी भन्छन्- 'नेपाली भाषालाई कमजोर बनाएर गोर्खाल्यान्ड आन्दोलन तुहाउन बेनर्जीले आफू मुख्यमन्त्री भएदेखि नै कदम चाल्दैछिन् । बंगाली भाषा अहिले ऐच्छिक रूपमा छ । नेपालीभाषी धेरै रहेको ठाउँमा बंगाली भाषा अनिवार्य गर्नुको सट्टा ऐच्छिक नै रहन दिनुपर्छ भन्ने हाम्रो माग हो ।'

भारतभर चलनचल्तीमा रहेका २२ भाषामध्ये आठौं स्थानमा रहेको नेपाली भाषाका ठाउँमा बंगाली भाषा 'थोप्न' खोजेको भन्दै मोर्चा आक्रोशित भएको हो । भारतभर ४ करोड र प्रस्तावित गोर्खाल्यान्डमा नेपालीभाषीको संख्या १० लाख अनुमान गरिन्छ ।

शिक्षामन्त्री चटर्जीको मन्तव्यको विरोध गर्दै पहाडी क्षेत्रमा आन्दोलन चर्किएपछि मुख्यमन्त्री बेनर्जीले मिरिकको कार्यक्रममा बंगाली भाषालाई ऐच्छिक नै राख्ने आशय व्यक्त गरेकी थिइन् । जुन ८ मा दार्जिलिङको गोर्खा रंगमञ्चअघि आयोजित समारोहमा पनि बेनर्जीले मिरिकमा व्यक्त गरेको भनाइ नै दोहोर्‍याइन् । तर, शिक्षामन्त्रीको भनाइ खण्डन गर्न मुख्यमन्त्रीको भनाइमात्रै पर्याप्त नहुने भन्दै बंगाल सरकारले लिखित रूपमै प्रतिबद्धता जनाउनुपर्ने धारणा मोर्चाका नेताहरूको छ ।

मोर्चाको यो अडानमा पश्चिम बंगाल सरकार प्रतिक्रियाहीन रहेका बेला गत शनिबार बसेको मोर्चाको बैठकले भाषाको विषयमा उठेको विवादलाई पुनः गोर्खाल्यान्डको मागसँग जोडेको बताइन्छ

महासचिव गिरी भन्छन्- 'हाम्रो पहिलादेखिको मुख्य माग त गोर्खाल्यान्ड नै हो । गोर्खा टेरिटोरियल एडिमिनिस्ट्रेसन (जिटिए) त निश्चित अवधिको सम्झौतामात्रै हो ।' जिटिएको ५ वर्षे अवधि सकिन अब करिब ७ महिना बाँकी छ । त्यसपछि जिटिएको नयाँ नेतृत्व छनौटको प्रक्रिया अघि बढ्नेछ ।

सन् २००७ मा स्थापना भएर छुट्टै गोर्खाल्यान्ड राज्य मागिरहेको गोजमो, केन्द्र र राज्य सरकारबीच भएको त्रिपक्षीय सम्झौताअनुसार निश्चित अधिकारसहितको जिटिए गठन गरिएको थियो । गोजमो अध्यक्ष विमल गुरुङकै नेतृत्वमा अहिले जिटिए सञ्चालनमा छ । जिटिएलाई सरकारले बर्सेनि २ सय करोड रूपैयाँ प्रदान गर्दैछ । पश्चिम बंगाल सरकारले चाहिँ जिटिएलाई अधिकारबाट खुम्च्याएको, यहाँका शिक्षक नियुक्तिसम्मका अधिकारसमेत जिटिएलाई नदिएको भन्दै मोर्चा असन्तुष्ट छ । 'जिटिए सम्झौतामा हामीलाई जुन अधिकार दिइएको थियो, त्यो लागू भएन, हामीलाई कुनै अधिकार प्रत्यायोजन गरिएन,' महासचिव गिरीले भने, 'अब हामीले गोर्खाल्यान्डलाई नै लक्षित गरेर आन्दोलनका कार्यक्रम तय गरिसकेका छौं ।'

भाषाबारे शिक्षामन्त्रीले विवादित मन्तव्य दिएलगत्तै मुख्यमन्त्री बेनर्जीले आफ्नो क्याबिनेट बैठक दार्जिलिङमै आयोजना गरिन् । जुन ८ मा भएको बैठकस्थलबाहिर नेपालीभाषीले भाषाकै विषयलाई लिएर प्रदर्शन गरेका थिए । प्रदर्शनक्रममा दर्जनौं सरकारी गाडी तोडफोड गरिए र जलाइएका थिए । सरकारी सवारी साधन क्षतिग्रस्त बनाएको आरोपमा प्रहरीले शनिबार राति मोर्चाका ५ कार्यकर्ता पक्राउसमेत गरेको छ । तर, मोर्चाले आफूहरू शान्तिपूर्ण आन्दोलनमा रहेकाले कुनै अप्रिय घटना आफूले नगराएको दाबी गरेको छ ।

आन्दोलनक्रममा मोर्चाले गत शुक्रबार दार्जिलिङ, मिरिक, खर्साङ र कालिम्पोङमा आमहड्तालसमेत गरेको थियो । प्रत्येक सोमबार र बिहीबार राँके जुलुस प्रदर्शन गर्ने, प्रत्येक बिहीबार र शुक्रबार स्थानीय नागरिक सडकमा ओर्लेर गोर्खाल्यान्डको आवाज उठाउने निर्णय मोर्चाले शनिबार नै गरिसकेको छ । सरकारी बैंक सोमबार र बिहीबार मात्र खुल्न दिने, पहाड, तराई र डुवर्सका सबै साइनबोर्ड नेपाली र अंग्रेजीमा लेख्ने निर्णय पनि मोर्चाको छ ।

जिटिए गठन भएयता मत्थर भएको आन्दोलन पुनः भाषा विवाद हुँदै गोर्खाल्यान्डकै मागमा रूपान्तर भएको छ । गोर्खाल्यान्डका लागि छलफल गर्न मोर्चाको वार्ता टोली केन्द्र सरकारका गृहमन्त्रीसमक्ष जाने तयारी भइरहेको पनि मोर्चाले जनाएको छ ।

मोर्चाले सुरु गरेको बन्दलाई ध्यानमा राख्दै ती जिल्लामा राज्य सरकारअन्तर्गत रहेका सबै कार्यालय र राज्यद्वारा वित्तीय सहयोग प्राप्त कार्यालयहरू खुला राख्ने सरकारले निर्णय गरेको थियो । सोहीअनुसार पहाडी इलाकामा बन्द फिर्ता नलिएसम्म सबै कर्मचारीले अनिवार्य रूपमा कार्यालय उपस्थित हुनुपर्नेछ भने कार्यालय उपस्थित नभएको दिनको तलबसमेत काटिनेछ । मोर्चाको बन्दलाई लक्षित गरी प्रत्येक सरकारी कार्यालयमा प्रहरी तैनाथ गरिएको थियो । यसैगरी प्रहरीले पेट्रोलिङ भ्यान, हेभी मोबाइल स्कार्ड र हेभी रेडियो फ्लाइङ स्कार्डले सडकमा गस्ती गर्ने व्यवस्था गरिएको छ ।

यसअघि गोर्खा फाउन्डेसनले दार्जिलिङ पहाडका स्कुलहरूमा अनिवार्य रूपमा बंगाली भाषा अध्ययन गर्नुपर्ने व्यवस्था गरिएपछि त्यसको विरोधमा दिल्लीस्थित जन्तरमन्तरमा नेपालीभाषीले धर्ना दिएका थिए । गोर्खा जनमुक्ति मोर्चाका अध्यक्ष विमल गुरुङले आन्दोलनमा प्रहरी लगाएर दमन गरिए त्यो झनै चर्किएर जाने बताएका छन् । उनले भनेका छन्, 'आन्दोलन हो, केही पक्राउ पर्न सकिन्छ तर सडकमा लाखौंलाख मानिस निस्किएर गोर्खाल्यान्डको निम्ति नाराबाजी गर्नेछन् अनि बंगालको तानाशाहीको विरोध गर्नेछन् ।'

गोर्खाल्यान्डका लागि सुरु भएको आन्दोलन नरोकिने स्पष्ट पार्दै उनले दार्जिलिङ आएका पर्यटकमाथि पनि यो आन्दोलनका क्रममा कुनै क्षति पुगे मोर्चाले जिम्मेवारी नलिने बताएका छन् । आफूहरूले गोर्खा टेरिटोरिल एडमिनिस्ट्रेसनलाई नै राम्रोसँग चलाउने सोचेको भए पनि बंगाल सरकारको तानाशाहीले चल्न नदिएको बताएका छन् ।

यसैबीच, भारतीय जनता पार्टीले अलग गोर्खाल्यान्डको माग गर्दै नेपालीभाषीहरू आन्दोलनमा उत्रिएपछि त्यसको अवस्थाबारे जानकारी लिन केन्द्रीय टोली पठाउने तयारी गरेको छ । लामो समयदेखि मोर्चाले उठाउँदै आएको अलग गोर्खाल्यान्डको मागसहित आन्दोलन सुरु भएपछि भाजपा गम्भीर बनेको हो । यसअघि गोर्खा जनमुक्ति मोर्चाले अलग गोर्खाल्यान्डको मागसहित केन्द्रीय गृहमन्त्री राजनाथ सिंहलाई स्मरणपत्रसमेत बुझाएको थियो ।

दार्जिलिङमा जारी हडताल थप हिंसात्मक हुन सक्ने आशंकाका कारण पर्यटकीय स्थल भ्रमणका लागि आएका स्वदेशी तथा विदेशी पर्यटक हिँड्न थालेका छन् । दार्जिलिङ घुम्न आएका पर्यटक आन्दोलन चर्किएपछि दार्जिलिङका रिसोर्टमा थप केही दिन बुकिङ गरेर बसेका पर्यटकसमेत भ्रमण अवधि छोट्याएर हिँड्न थालेका हुन् ।

दार्जिलिङका हिल रिसोर्टहरू विदेशी पर्यटकका लागि निकै लोकप्रिय छन् । ती रिसोर्टमा विदेशी पर्यटक खचाखच रहेकोमा उनीहरूले बुकिङ रद्द गरेर भाग्नुपरेको बताएका छन् । गोर्खा जनमुक्ति मोर्चाले केन्द्र सरकारसमक्ष गोर्खाल्याण्ड गठन गर्न माग गर्दै दार्जिलिङका भाजपा सांसद तथा केन्द्रीय संसदीय राज्यमन्त्री एसएस अहलुवालियामार्फत गृहमन्त्री राजनाथ सिंहलाई गोर्खाल्याण्ड गठनको माग हस्तान्तरण गरेको दार्जिलिङबाट प्रकाशित हुने नेपाली भाषाको पत्रिका हिमालय दर्पणले जनाएको छ । सो मागपत्रमा पश्चिम बंगाल सरकारले गोर्खाल्याण्ड टेरिटोरियल एडमिनिस्ट्रेशन (जीटीए) लाई सबै विभाग र क्षमताहरु हस्तान्तरण नगरेको, मोर्चाका नेता कार्यकर्ताविरुद्ध रहेका राजनीतिक मुद्दाहरु फिर्ता लिनुको साटो उल्टो मुद्दाहरु लगाइएको, जीटीए र यसका निर्वाचित प्रतिनिधिहरुसँग परामर्श नगरी सरकारले एकलौटी निर्णयहरु गरिएको, जीटीए सम्झौताको उल्लंघन गरेको मोर्चाले बताएको छ ।

## सत्ता...

७ गतेभित्र स्थानीय तह, प्रादेशिक र संघीय संसद गरी तीनवटै तहको निर्वाचन भइसक्नुपर्छ । निर्वाचन लहड होइन बाध्यता हो । दृढ इच्छाशक्तिका साथ सरकारले निर्वाचनको भयरहित वातावरण बनाउन सक्नुपर्छ । राजपा कार्यकर्ताहरुले तराईमा निर्वाचन बिथोल्न अराजक गतिविधिहरु गरिरहेका छन् । तिनीहरुलाई नियन्त्रणमा लिएर कडा सुरक्षाबीच चुनाव गराउनु सरकारको दायित्व हुन्छ । विप्लव नेतृत्वको नेकपा नेता कार्यकर्ताहरुलाई चुनाव बिथोल्न खोजेको आशंकामा सरकारले नियन्त्रणमा लिइरहेको छ । नेकपाका नेता तथा कार्यकर्ताहरु भूमिगत हुन बाध्य छन् । तर राजपाका नेताहरु चुनाव भाँड्न तराई झर्दैछन् कार्यकर्ताहरुले सुरक्षाकर्मीहरुमाथि नै ढुंगामुडा गरिरहेका छन् । तर सरकार उनीहरुलाई कुनै कारबाही गर्न किन सक्दैन ? संविधानले बिना हातहतियार शान्तिपूर्ण रुपमा भेला हुने विरोध प्रदर्शन गर्ने अधिकार दिएको छ तर राजपाका कार्यकर्ताहरु हातमा लाठी बोकेर प्रदर्शन गरिरहेका छन् । सरकार रमिते बनिरहेको छ ।

केही मधेसी नेताहरुले चुनाव बहिष्कार गर्दैमा चुनाव नै रोक्नु राज्यको कायरताबाहेक केही हुन सक्दैन । राजपा चुनावमा आउँदैन त्यो उसको आफ्नो निर्णय हो । लोकतन्त्रमा चुनाव बहिष्कार गर्न कुनै पनि दल स्वतन्त्र हुन्छन् । तर चुनाव भाँड्ने हर्कत गर्न उनीहरुलाई छुट हुँदैन । प्रदेश नं. २ मा चुनाव गर्न नसकिने निष्कर्षमा प्रधानमन्त्री देउवा र माओवादी अध्यक्ष प्रचण्ड मात्र छन् । २ नं. प्रदेशका जनता दुई दशकपछिको चुनावलाई उत्सवका रुपमा लिन तयार छन् । निर्वाचन आयोग निर्वाचन गराएरै छोड्ने तयारीमा छ । तर देउवा र प्रचण्ड भने चुनाव सार्न आयोगलाई दबाब दिइरहेका छन् । प्रचण्डले पहिलो चरणको स्थानीय निर्वाचन गराएर जुन जस लिए देउवाले अब अपजस मात्र व्यहोर्दै छन् । दोस्रो चरणको चुनाव पनि प्रचण्डलाई नै गराउन दिएको भए देउवाको नियतमाथि शंका गर्ने ठाउँ हुँदैनथ्यो । तर देउवालाई सत्ताको हतारो भयो । सत्ताका अघि निर्वाचन गौण भयो देउवाका लागि । उनले बारम्बार सत्ता छोड्न दिएको दबाब थेग्न नसकेर प्रचण्डले प्रधानमन्त्री पदबाट राजीनामा दिएका हुन् ।

युद्धग्रस्त क्षेत्र कस्मिरमा चुनाव हुन सक्छ । युद्धले क्षतविक्षत अफगानिस्तानमा चुनाव हुन सक्छ । त्यस्तै गृहयुद्धले थडथिलो भएको सिरिया, इराकमा चुनाव हुन सक्छ भने नेपालको तराईमा मात्रै किन चुनाव हुन सक्दैन ? प्रधानमन्त्री देउवा किन चुनाव गराउने दृढता लिन सक्दैनन् ? राजपाका उद्दण्ड नेता तथा कार्यकर्ताहरुलाई राज्यले किन ठेगान लगाउन सक्दैन ? राजपाको तराईमा त्यस्तो जनाधार पनि छैन । यो दलका शीर्ष नेताहरु चुनाव हरुवा मात्रै छन् । विगतमा भारतलाई नाकाबन्दी गर्न लगाएर मधेसकै जनतालाई यिनले दिएको दुःख मधेसी जनताले बिर्सेका छैनन् । चुनाव हार्ने डरकै कारण निहुँ खोज्दै चुनावबाट भाग्दैछन् मधेसी नेताहरु । चुनाव हुन नदिने यिनको रणनीति मधेसी जनताको हितमा छैन, उनीहरुको इज्जतसँग मात्र जोडिएको छ । लैनचौर, लालुदरबार र दिल्ली धाउने मधेसी नेताहरु कहाँबाट परिचालित छन् भनेर मधेसी जनताले बुझिसकेका छन् ।

निर्वाचन सार्ने प्रम देउवाको प्रस्ताव उनको सत्ता आयुसँग सम्बन्धित छ । माघ ७ भित्र तीनवटै तहको निर्वाचन विभिन्न बहाना बनाएर सम्पन्न नगर्ने र फेरि संसदको आयु थप गरेर प्रधानमन्त्रीमा निरन्तर रहिरहने देउवाले अभिष्टता पालेको अनुमान गर्न थालिएको छ । यसो गर्नु जनताको अपमान गर्नु हुन्छ । जनताले संविधान बनाउनका लागि मात्र आफ्ना प्रतिनिधि चुनेका हुन् । अनेक तिकडम गरेर सत्ता आयु लम्ब्याउने देउवाको नेपथ्य खेल साँच्ची फोहोरी छ । देउवा कालमै देश दुर्घटनामा पर्ने गरेको छ । यो श्रृंखला फेरि दोहोरिन बेर छैन ।

## बेरोजगार...

कर्मचारी माग्नु सरासर ठगी गर्नु हो । बेरोजगारको पैसा धुत्ने यस्ता ठगहरुलाई तत्काल कारबाही गर्न आवश्यक छ ।

यस्ता ठगीधन्दा सञ्चालन गर्नेहरुले पत्रपत्रिकामा प्रकाशित गरेका विज्ञापनअनुसार रोजगारी दिने हो भने नेपालको बेरोजगारी समस्या अन्त्य गर्न कुनै बेर लाग्ने छैन । तर ठगको चंगुलमा परेर युवाहरु उल्टै ठगिने क्रम बढेको छ । ठगीको रकम सानोतिनो भएको हुनाले प्रहरीमा उजुरी पर्ने गरेको छैन तर धेरैजनालाई ठग्ने हुनाले ठगहरु भने मोटाइरहेका छन् ।

यस्ता ठगहरुले अहिले टेलिभिजन र अनलाइन मिडियाहरुको समेत प्रयोग गर्न थालेका छन् । विज्ञापन निकाली बेरोजगार ठग्नेहरुलाई प्रशासनले तत्काल कारबाही गर्नु आवश्यक छ ।

## विद्यालय...

कारण भग्नावशेष भएको विद्यालयलाई पुनर्जिवन दिन पाएकोमा आफुलाई ठूलो सन्तोष अनुभव गरेको बताउदै विद्यालयको विकाशमा आफु सधै लागि पर्ने प्रतिवध्दता व्यक्त गर्नु भयो । वालविकास समाजका कार्यक्रम निर्देशक कीरण थापाले समाजले कवोल गरी संझौता गरे बमोजिम रु आठ लाखको सहयोग गरेको जानकारी गराउनु भएको थियो । उक्त अवशरमा कान्तीपुर रोटरी क्लवको तर्फबाट नेपाल इञ्जिनियर श्रीमती संघका अध्यक्ष टुना थापाले विद्यालयका १० जना गरिव तथा जेहन्दार विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्नु भएको थियो ।

## तराईमा...

आप्रवासीको नेपालीकरण गर्दै तराईमा प्रो इन्डियनहरुलाई स्थापित गर्न भारत लागिपरिरहेको छ ।

एक सय २५ विलियन डलर नदी जडान योजनाका लागि भारतले छुट्याइसकेको छ । तराईका जिल्लालाई पहाडका जिल्लाबाट अलग गराएर तराईमा दुई प्रदेश बनाई कोसी, गण्डकी, कर्णाली भेरी जस्ता जलाशयलाई भारत पूर्ण रुपमा आफ्नो नियन्त्रणमा लिन खोजिरहेको छ । थरुहट र मधेस राज्य भएमा राज्य सरकारसँग नदी कब्जा गर्न सजिलो हुने भारतको बुझाइ देखिन्छ । दशक लामो माओवादी ध्वंशपछि भारतले नारायणहिटीको शक्ति दिल्ली लैजान आंशिक सफलता पायो । अरु स्वार्थहरु संविधानमा अंकित गराउन चाहन्थ्यो । तर त्यो पूरा नभएका कारण उसले नेपाललाई गलाउन पाँच महिना लामो नाकाबन्दी समेत लगायो । पहिलो संविधानसभामा माओवादीको संख्यात्मक उपस्थितिका कारण संविधानसभाकै हत्या भयो, किनकि त्यसबेला माओवादीहरुलाई भारतले साइजमा ल्याउनुभयो ।

दोस्रो संविधानसभा चुनावमा भारतले माओवादीलाई साइजमा त ल्याउन सफलता पायो र मधेसी दलहरुको उपस्थिति अत्यन्त कमजोर रह्यो । उसले सडक संघर्षमार्फत आफ्नो चाहना सम्बोधन संविधानमा गराउन खोज्यो । भारतले अहिलेसम्म नेपालको संविधानलाई स्वागत गरेको छैन । तर संसदमा प्रचण्ड सरकारले दर्ता गरेको संविधान संशोधन विधेयकलाई भने स्वागत गरेको छ । संशोधन विधेयकमा समाबिष्ट गरिएका थुप्रै बुँदाहरु विवादित मात्र छैनन् राष्ट्रिय हितविपरीत समेत छन् । यही कारण एमाले र अन्य साना दलहरु विधेयकको पक्षमा उभिन तयार छैनन् ।

राजपा संविधान संशोधन र स्थानीय तह थप नगरी दोस्रो चरणको निर्वाचनमा भाग नलिने भन्दै सडक संघर्षमा उत्रिएको छ । सप्तरी, पर्सा, धनुषा, कपिलवस्तु, बाँके, रौतहटलगायतका जिल्लामा राजपाका कार्यकर्ताहरुले अराजक हर्कतहरु गर्न थालेका छन् । राजपाले चुनाव बहिष्कार गर्न पाउँछ तर बिथोल्ने अधिकार भने छैन । निर्वाचन र लोकतन्त्र एउटै विषय होइनन् । निर्वाचन माध्यम मात्र हो । लोकतन्त्र पद्धति हो । निर्वाचनको माध्यमबाट मात्रै लोकतन्त्र संस्थागत हुन्छ । जसले आफूलाई लोकतन्त्रवादी भन्छ उसले आवधिक निर्वाचनको विरोध गर्न सुहाउँदैन । राजपाका नेताहरु लोकतन्त्रमा विश्वास रहेको बताउँछन् तर अलोकतान्त्रिक कार्यशैली अपनाएर लोकतन्त्रमाथि नै हमला गरिरहेका छन् । भारतको सहयोगमा राज्यलाई गलाएर आफ्ना मागहरु पूरा गराउन खोजिरहेका छन् उनीहरु । पहिलो चरणमा २ सय ८३ स्थानमा स्थानीय तहको निर्वाचन भइसकेर जनप्रतिनिधिले काम सुरु गरिसकेका छन् । तर दोस्रो चरणको निर्वाचन अझै संशयको घेरामा छ । मधेस केन्द्रित दलहरुले चुनावमा जानका लागि विभिन्न शर्त अघि सारिरहँदा सरकारले राजपालाई चुनावमा भाग लिने वातावरण बनाउन स्थानीय चुनावसम्बन्धी निर्देशिका संसदबाट परिमार्जन गरिसकेको छ । तर पनि राजपाले आफ्नो माग पूरा नभएको भन्दै आम हडतालसम्मको कार्यक्रम घोषणा गरेको छ ।

देशैभर एकैचोटि स्थानीय चुनाव गराउने निर्वाचन आयोगको निर्णयलाई खारेज गर्दै सबैको साथ र समर्थन भन्दै ३१ जेठका लागि सारिएको चुनाव त्यसपछि ९ असार हुँदै १४ असारलाई तोकिएको छ । मधेस केन्द्रित दलहरुलाई चुनावमा सहभागी गराउन भन्दै चुनावको मिति सारियो । तर अहिले फेरि राजपा २ नं. र ५ नं. प्रदेशको चुनाव मिति सार्न माग गरिरहेको छ । सत्तारुढ दल कांग्रेस र माओवादी केन्द्र यसमा सहमत भए पनि एमालेले भने मानेको छैन । राजपाले पटक पटक चुनाव मिति सार्न लगाउने, चुनाव हुन नदिने देशलाई अनिर्णयको बन्दी बनाउने खेल रचिरहेको छ । कुनै पनि मुलुकको संविधान आफैंमा पूर्ण हुँदैन । यो समयको मागअनुसार परिवर्तशील हुन्छ । संविधान परिवर्तनको एकमात्र विकल्प जनतामा गएर एजेन्डा र मतको आधारमा जित हासिल गर्नु हो ।

हरेक उपलब्धि र परिवर्तन एकैचोटि हुन सक्दैन । भएको परिवर्तनलाई आत्मसात गरी समय र जनताको आवश्यकता अनुसार अघि बढ्नैपर्छ । संविधान संशोधन गर्ने तर केका लागि र कसका लागि ? देश र जनताका लागि त्यसो भए दोस्रो संविधान सभामा भएको जनमतलाई आधार मान्ने कि नमान्ने ? चुनावमा जनताको मन जितेर संसदमा ठूलो दल बन्न नसक्ने अनि संसदबाट संविधान संशोधन नभएसम्म चुनावमा भाग लिंदैनौं र हुन पनि दिन्नौं भन्नु कस्तो नैतिकता हो । संविधान कुनै एक निश्चित भूगोललाई हेरेर बनाइँदैन समग्र देशलाई हेरेर निर्माण गरिन्छ । संविधानमा समानताको व्यवस्था हुने र मधेस र मधेसी जनता किन र कसरी अधिकारविहीन भए ? नगर र गाउँपालिकाको अध्यक्षको अधिकार मधेस र पहाडमा फरक छैन । विश्वका अन्य मुलुकका संविधान हेर्दा नेपालको संविधान समावेशी, समानता र सहभागिता सुनिश्चित गरिएको संविधान हो । लोकतन्त्र र गणतन्त्रको दुहाई दिने अनि जनमतको अपमान गर्ने ? अहिले मधेसका जनताले पनि चुनाव चाहेका छन् । मधेसमा मत पाएको र जनाधार भएको संघीय समाजवादी फोरम र फोरम लोकतान्त्रिक समेत चुनावमा उत्साहसाथ भाग लिएका छन् । सीमित भूगोलको प्रतिनिधित्व गर्दै अस्थिरता निम्त्याउन चुनाव बिथोल्नतिर लाग्नु र यसैलाई आधार बनाएर सरकारले पुनः चुनाव सार्ने हो भने संविधान असफल हुन्छ । २०७४ माघ ७ भित्र स्थानीय, प्रादेशिक र संघीय संसदको चुनाव गर्नैपर्ने संविधानले निर्देशन गरेको छ । स्थानीय चुनावमा अल्झिरहने हो भने प्रदेश र संसदको चुनाव कहिले हुन्छ ?

सरकारले वार्तामा बोलाउँदा राजपाका नेताहरु लैनचौरतिर लाग्छन् । मधेसी जनताको हित र अधिकारका कुरा गर्ने अनि जनतामा जान भने डराउने ? जनतालाई नै सार्वभौम शक्ति मानेर आफ्नो विचार जनसमक्ष राखेर जनमतको सम्मान गर्नु नै लोकतन्त्रको मुख्य कडी हो । सधैं सीमित जनतालाई देखाउँदै हत्या हिंसा र अराजकता निम्त्याउनु केही समयका लागि खेल्ने आधार हुन सक्छ तर यो दुष्चक्रले अन्त्यमा मधेसी नेताहरुकै विनाश हुन सक्छ ।

## देउवा...

जनाएको छ । भारतीय प्रधानमन्त्री मोदीको नेपाल भ्रमणसमेत तयारी भइरहेको छ । उनी सेप्टेम्बरमा भारतीय कम्पनी सतलजले बनाउन लागेको अरुण तेस्रो शिलान्यासका लागि नेपाल आउने बताइएको छ । स्रोतका अनुसार प्रधानमन्त्री देउवाको भारत भ्रमणका बेला मोदीको भ्रमण मितिसमेत तय हुन सक्नेछ ।